(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

# सहमति सन्देश

त्रैमासिक

वर्ष ७, अङ्क ४, पूर्णाङ्क २७ (Year 7, Vol. 4, Issue 27) बैशाख-असार, २०६९ / April-June 2012, SAHAMATI SANDESH

# लोकतन्त्र एवं समावेशीकरण विशेषाङ्क

## संस्थागत कुरा



प्रत्येक व्यक्ति व्यक्तिमा भएको सकारात्मक परिवर्तनले देश विकासमा टेवा पुऱ्याउन सक्छ । एउटा घरमुलीले आफ्नो चाहना, आवश्यकतासँग परिवारका सदस्यको चाहना, आवश्यकतालाई आत्मसाथ गर्नाले एउटा घर आदर्श भए जस्तै घरघरमा भएको आदर्शपनले एउटा समाजलाई आदर्श बनाउन सहयोग गर्दछ । त्यस्तै गरी गाउँगाउँमा भएको सकारात्मक सोच र भावनाले एउटा जिल्ला तथा क्षेत्रलाई सक्षम र आदर्श बनाउन सक्छ । सबै जिल्ला तथा क्षेत्रहरुमा आदर्श भावनाको विकासले राष्ट्र नै आदर्श राष्ट्र बन्न सक्छ । एउटा घर देखि विभिन्न संघसंस्था तथा सरकारी निकायहरुको समृद्ध विकास र निरन्तरताको लागि त्यसमा संलग्न व्यक्तिहरु तथा शक्तिहरुको समुचित परिचालन, स्रोत र शक्ति माथि समान पहुँचको आवश्यकता पर्ने हुन्छ । मानव जाति स्वतन्त्र प्राणी हो, यो जन्मेदेखि मृत्यु अगाडिसम्म स्वतन्त्र रुपमा बाँच्न चाहन्छ । यस क्रममा कहिलेकाही जानेर वा नजानेर अरुको स्वतन्त्रता र अधिकार माथि कुठराघात गर्न पनि पछि पर्दैन, परिणाम स्वरुप समाज तथा देशमा द्वन्द्व र विरोधका अवस्थाहरु समेत सृजना हुने गर्दछन् ।

हालसम्मका धेरै बादहरु मध्ये राम्रो र धेरैले स्वीकार गरेको बहुलबाद अन्तरगत देशलाई सञ्चालन गर्ने मुख्य जिम्मेवारी विभिन्न राजनीतिक पार्टीहरुको जिम्मामा आएको हुन्छ । प्रजातान्त्रिक पद्धति अनुसार राज्य सञ्चालनको लागि प्रत्येक दलभित्रको लोकतन्त्र र सम्मानजनक समावेशीकरणले प्रमुख भूमिका खेलेको हुन्छ । प्रत्येक दल भित्रको लोकतन्त्र र समावेशीकरणको मान्यता संस्थागत हुँदै गएमा, तिनै राजनीतिक दलका प्रतिनिधिहरुबाट सञ्चालन हुने राज्य सञ्चालन प्रक्रियामा अवश्य लोकतान्त्रिक र समावेशीकरणको संस्थागत हुने हुन्छ । फलस्वरुप एउटा राष्ट्र आदर्श राष्ट्रको रुपमा अगाडि बन्ने कुरामा विश्वास गर्न सकिन्छ । यो प्रक्रिया एउटा घरदेखि सरकारी तथा गैरसरकारी संस्था हुँदै राज्यस्तरसम्म लागु हुने कुरा हो ।

अन्तमा, सहमति संस्थाले नियमित रुपमा प्रकाशित गर्दै आएको यो त्रैमासिक बुलेटिन "सहमति सन्देश" (वर्ष-७, अंक-४, पूर्णाङ्क-२७) "लोकतन्त्र एवं समावेशीकरण विशेषाङ्क" प्रकाशनको क्रममा आ-आफ्नो क्षेत्रबाट लेख, रचना उपलव्ध गराउनु हुने सम्पूर्ण शुभचिन्तकज्यूहरुलाई संस्थाको तर्फबाट धन्यवाद दिन चाहान्छु । साथै यस अंक प्रकाशनमा लाग्ने खर्चमा सहभागिता जनाई सहयोग पुऱ्याउने साझेदार संस्था RDIF लाई विशेष धन्यवाद दिन चाहान्छु । त्यसै गरी यस बुलेटिन प्रकाशनका क्रममा लागि पर्नुहुने सहमतिका सम्पूर्ण साथीहरु धन्यवादका पात्र हुनुहुन्छ ।

**रत्न प्रसाद सापकोटा**
का.वा. अध्यक्ष

## सहमति आचार संहिता

- सहमतिको परिकल्पनालाई आत्मसात गर्दै समुदाय केन्द्रीत कार्य गर्ने गराउने ।
- संस्थागत गोपनियताप्रति सचेत बन्ने, बनाउने ।
- सहमति परिवारबीच प्रगाढ, सुमधुर र व्यवहारिक सम्बन्ध स्थापना गर्ने ।
- सहमति टिमबीच एक आपसमा प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्ने ।
- लैंगिक तथा समावेशी संवेदनशिलतालाई आत्मसात गर्ने ।
- धार्मिक, दलगत, जातिय, वर्ण विशेषसंग पूर्वाग्रह हुने स्वभावका कार्य नगर्ने ।
- तत्काल, उचित यथास्थानमा सकारात्मक पृष्ठपोषण दिने तथा लिने ।
- खर्चमा मितव्ययिता अपनाई बचत गर्ने बानीलाई अझै बढी प्रभावकारी बनाउने ।
- समुदायलाई परनिर्भर हुने प्रकृतिका कार्य नगर्ने ।
- खण्डिकरण तथा ध्रुवीकरण हुने खालका काम वा गतिविधि नगर्ने ।
- समुदाय नकारात्मक हिसाबले प्रभावित हुने खालका कुनैपनि क्रियाकलापहरु नगर्ने ।
- मिलनसार हुने, आफ्नो काम प्रसन्न मुद्रामा गर्ने, गराउने तथा सन्तुष्टी लिने ।
- समुदायमा जाँदा धुम्रपान तथा मध्यपानदेखि टाढै रहने ।

## यस भित्र .........

- लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी लेख रचनाहरु एवं सिकाइहरु
- नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढीकरण परियोजना (एस.डि.आई.पि.पि.) का झलकहरु

## सहमति सन्देश

वर्ष–७, अङ्क–४, पूर्णाङ्क–२७
(बैशाख–असार २०६९)

**संरक्षक**
अध्यक्ष, सहमति

**संकलन तथा संयोजन**
सरोज भुषाल

**सम्पादन टोली**
रत्न प्रसाद सापकोटा– उपाध्यक्ष/सहमति
नारायणी बास्तोला – कोषाध्यक्ष/सहमति
विमला खनाल – सदस्य/सहमति

**विशेष सहयोगी**
होमनाथ सुवेदी – महासचिव
भीमप्रसाद शर्मा – कार्यसमिति सदस्य

**सहयोगी**
पुरुषोत्तम सापकोटा

**कम्प्यूटर**
रीता कुमाल

**प्रकाशन सहयोगी**
RDIF अधिकार, लोकतन्त्र तथा समावेशीकरण कोष



**पत्राचार तथा सुझावका लागि**
**सहमति**
गैंडाकोट–५, नवलपरासी
फोन नं. : ०५६–५०२०९०, ५०२३७३
फ्याक्स : ०५६–५०२२७७
इमेल : sahamati@wlink.com.np
वेभसाइट : www.sahamati.org



**मुद्रण :**
शुभकामना अफसेट प्रेस Shubhakamana Offset Press
शहीदचोक, नारायणगढ, फोन: ०५६–५७१७८५
इमेल : shubhakamana_press@yahoo.com


# सम्पादकीय........

मानव सभ्यताको जन्म सँगसँगै जब नीति नियम बन्न थाले त्यसको पालना गर्ने क्रमसँगै विधिको विधान वा सुशासनको पालना गर्ने, गराउने क्रम पनि निरन्तर अघि बढ्न थाल्यो । झट्ट सुन्दा सत्ता र शासनसँग मात्र सम्बन्धित जस्तो लाग्ने यो शब्द देश, क्षेत्र, नगर, गाउँघर, स्वास्थ्यसंस्था, विद्यालय, मन्दिर, खेलकूद, वन, सहकारी संस्था, गैरसरकारी संस्था वा समाजमा रहेका प्रत्येक निकायहरुमा उत्तिकै आवश्यक र महत्वपूर्ण छ । सुशासन हुनुपर्छ, सुशासन कायम गर्नुपर्छ भन्नुभन्दा पनि सुशासनले प्रत्येक निकायलाई एक सहज र सरल तरिकाको प्रणालीबाट काम, कारवाही अगाडि बढाउन मद्दत गर्दछ । जसबाट जनताले खोजेको र सोचेको जस्तो चुस्त, दुरुस्त कामहरु सञ्चालन गर्न सकिन्छ भन्ने मर्मलाई अगाडि बढाउन सकिएमा अबको समयमा सञ्चालनमा आइरहेका र भविष्यमा सञ्चालनमा आउने प्रत्येक निकायहरुमा सुशासन एक संस्कारको रुपमा स्थापित हुन सक्छ ।

आजको समाजमा सुशासनको महत्व र सुशासन कामय भइरहेका निकायहरुलाई बाह्य निकाय, समाजमा रहेका अन्य संघसंस्था, सरकार र नागरिक समाजले अत्यन्तै विश्वासिलो र भरपर्दो निकायको रुपमा विश्वास गरिरहेको हामी पाउँछौ । जसबाट संघसंस्थाहरुको वर्तमान र भविष्य दिगो छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ । संघसंस्थामा देखिने चुस्त, दुरुस्त काम, कारवाही वा पारदर्शीता, आर्थिक कारोवारदेखि नीति नियम बनाउने र निर्णय तहसम्म, सबै वर्ग, जाति, महिलाहरुको स–सम्मान सहभागिता, संस्थाको भावि कार्यनितिक योजना सहितको अटल, दूरदर्शीता र काम गर्ने, गराउने सबैमा हामी र हाम्रो भन्ने पूर्ण जवाफदेहिता भएमा संस्था एक अटल, विश्वसनीय र जनताको सच्चा पहरेदार हुन सक्दछ ।

देशमा रहेका जनताको सेवा गर्न खटिएका हरेक अंगहरुलाई सुशासनतर्फ डोऱ्याउन सबैभन्दा पहिला त्यस राष्ट्रको सरकारी निकायहरुले सुशासनको मार्ग अवलम्बन गर्नुपर्दछ । जसको लागि सहज र भरपर्दो नीति, नियमहरुले काम, कारवाहीमा अझ मद्दत गर्न सक्दछन् । समाज र राष्ट्रले पनि सुशासनतर्फ उन्मुख भइरहेका संघसंस्थाहरुलाई समय, समयमा सम्मान तथा पुरस्कारद्वारा थप हौसला र प्रेरणा दिनुपर्दछ ।

समाजमा विकासका गतिविधिमा चेतना बिस्तार गर्ने कार्यमा वा समुदायको सम्पूर्ण विकासका कार्यमा गैरसरकारी संघसंस्थाहरुले चासो लिइरहेका छन् । पछाडि परेका नागरिकहरुको हकहितको लागि आवाज उठाउने यस्ता निकायहरुमा सुशासनको महत्व अझ बढेर गएको छ । अरुलाई असल बाटोमा हिड्नुपर्छ भनेर सिकाउने जो कोही व्यक्ति होस् वा संस्था उसले पनि सही बाटोमा हिड्न सक्नुपर्छ भन्ने कुरा आम नागरिकको चासोको विषय बनेको छ । तसर्थ अबको समय भनेको सुशासनलाई धेरैपटक लेखेर घोकेर वा धेरैचोटी प्रचार गरेर भन्दा पनि आफ्ना काम, कारवाहीमा व्यवहारमा नै उतारेर देखाएमा साँचो अर्थमा सुशासन भएको हामी सबैले महशुस गर्न सकिन्छ ।

# राजनीतिमा महिला

✍ कल्पना वि.क.
फोकल पर्सन, एस.डि.आई.पि.पि. परियोजना



पशु, गँवार, शुद्ध, ढोल र नारीहरु ताडन (पीडा) का अधिकारीहरु हुन, यिनलाई कुटेर मात्र काम लिन सकिन्छ भनेर हिन्दु धर्ममा उल्लेख भएबाट, ईश्वरबाट पहिला पुरुषको र त्यसपछि मात्र महिलाको सृष्टि भएको भनि इसाई धर्ममा उल्लेख भएबाट, मुश्लिम धर्ममा महिलालाई पर्दाभित्र सीमित रहनुपर्ने बाध्यताको कारणले परापूर्वदेखि नै महिला अन्यायबाट पिल्सिनु परेको तथ्य हामीसँग रहँदै आएको छ । समाजको स्थापना गर्न महिलाका भूमिका भएपनि पुरुषको तुलनामा अझै समानता पाउन सकेका छैनन् । महिला जतिसुकै प्रतिभाशाली भएपनि विकासक्रम समान अवसर पाएका छैनन् । संविधानमा समान अधिकार सुनिश्चित गरेपनि अझैपनि संसारमा कतिपय त्यस्ता देशहरु छन्, जहाँ महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा व्यवहार गरिन्छ ।

शुरुदेखि नै नेपालमा प्रजातन्त्र/लोकतन्त्रलाई स्थापित गर्न र मजबुत बनाउनमा पुरुषको जति नै महिला नेतृहरुको अमूल्य योगदान रहेको छ । जुन मंगलादेवी सिंह, शैलजा आचार्य, साहना प्रधान, अष्टलक्ष्मी शाक्य र दोस्रो जनआन्दोलनबाट विशेषगरी छाँयादेवि पराजुली लगायतका महिला नेतृहरुको सक्रिय सहभागिता रहेको पाइन्छ । मानव अधिकारको संरक्षण र प्रवर्धन, सुशासन र दिगो शान्ति विकासमा महिलाको पनि पुरुष जतिकै सहभागिता र योगदान रहेकोमा कुनै शंका छैन तर पनि राज्य तहको निर्णय प्रक्रियामा पुरुष मात्र पुगेको छ । महिलाले जतिसुकै साहसी काम गरेपनि त्यस्को उचित मुल्यांकन हुन सकेको छैन, महिला भेदभाव अझै पनि त्यत्तिकै छ । चाहे त्यो राजनीतिमै किन नहोस् महिलाले अझैपनि पुरुषको नेतृत्वदायी चरित्रको सामना गर्नुपरेको छ । अझैपनि महिलालाई निर्णय प्रक्रियाबाट टाढै राखिन्छ ।

## नेपालमा महिला सहभागिता सम्बन्धी कानुनी प्रावधानहरू

आधा आकाश ढाक्ने महिला, अझ आधाभन्दा बढी (५१ प्रतिशत) महिला जनसंख्या रहेको देश नेपाल जहाँ राज्यले महिला समावेशीताको लागि ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ । अन्तरिम संविधान २०६३ को धारा २१ अन्तर्गत आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक छ भनि मौलिक हकको रुपमा प्रत्यायोजन गरिएको छ । त्यसैगरी धारा ३५ (८) अन्तर्गत महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकारीक सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ । सोही धारा अन्तर्गत राज्यले महिलालाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ भनि व्यवस्था गरेको छ । तर पनि राज्यका विभिन्न तहमा खासगरी राजनीतिमा महिला सहभागिताको अवस्था भने अत्यन्तै दयनीय छ ।

## नवलपरासी जिल्लाका राजनीतिक दलमा महिला सहभागिता

नेपालको कूल जनसंख्या मध्ये ५१ प्रतिशत महिलाको छ त्यसमा ३३ प्रतिशत आरक्षण छुट्याइएको छ भने त्यसमध्ये पनि महिलाको राजनीतिमा वास्तविक सहभागिता अत्यन्तै न्यून छ । सहमतिले नवलपरासी जिल्लाका राष्ट्रिय मान्यता प्राप्त विभिन्न १२ राजनीतिक दलमा गरेको सन्दर्भ विश्लेषण प्रतिवेदन अनुसार जिल्लाको ५ लाख ६२ हजार आठसय ७० जनसंख्यामध्ये २ लाख ८४ हजार ६ सय तेह्र महिलाको संख्या रहेको छ । अर्थात् पुरुषको तुलनामा ६ हजार ३ सय ५३ ले धेरै छ । यसरी देशको र जिल्ला तहमै पुरुषको भन्दा महिलाको जनसंख्या बढी भएको अवस्थामा भने महिलाको राजनैतिक सहभागिता अत्यन्तै न्यून छ । नवलपरासी जिल्लाका राष्ट्रिय मान्यता प्राप्त १२ राजनैतिक दलहरुको जिल्ला कार्यसमितिको मात्र संख्यात्मक सहभागिता हेर्दा ३९७ जना रहेकोमा १८ प्रतिशत मात्र महिला सहभागिता रहेको छ भने महाधिवेशनमा प्रतिनिधि छनौट गर्दा महिलालाई ३३ प्रतिशत आरक्षणको व्यवस्था जसमा २ वटा दलमा मात्र छ । मात्र ४ वटा दलमा ३३ प्रतिशत महिलाको अनिवार्य मनोनयनको व्यवस्था रहेको छ भने भाईटल पोष्टमा समावेशीताको अवस्थालाई हेर्दा १२ राजनैतिक दलमा ७३ जना महिलाको सहभागिता रहेकोमा ३ जना मात्र मुख्य पदमा रहेको देखिन्छ । यसरी राज्यले महिलालाई ३३ प्रतिशत आरक्षण सहित समावेशीताको नीति लिए पनि दलहरुमा नै समावेशीताको राम्रो अभ्यास भएको देखिँदैन ।

## महिलाको राजनैतिक सहभागिता न्यून हुनुको कारण

महिलाको राजनैतिक सहभागिता के, के कारणले गर्दा न्यून भएको हो भन्नेतर्फ विचार गर्दा सर्वप्रथम त महिलाहरुमा राजनैतिक चेतनाको अभाव हुनाले हो । दोस्रो पितृसत्तात्मक सोच, अझै पनि पोथी बासेको राम्रो हुँदैन, अर्काको घर जाने जात पढे भने बिग्रन्छ बंश धान्न र बुढेसकालको सहाराको लागि छोरा पाउनैपर्छ भन्ने मानसिकता बोकेको हाम्रो समाज जसले गर्दा महिलाको राजनीतिक सहभागिता हतोत्साही बनाएको छ । तेस्रो राजनीतिमा नयाँ आउन चाहने महिलाहरुलाई आफूले जानेका कुरा सिकाउनुपर्ने कुरा स्थापित व्यक्तिहरुबाट नसिकाउनु जसले गर्दा नयाँलाई आउने प्रेरणा नै मिल्दैन । चौथो गरिबी जसको कारण राजनीतिमा ज्ञान त छ, प्रवेश गर्ने इच्छा पनि छ तर छाक टार्ने समस्या पनि साथसाथै छ त्यस्तो अवस्थामा व्यक्ति कमाउनमै लाग्छ, राजनीति गर्न असमर्थ हुन्छ । पाँचौ राजनीतिप्रतिको हेराई स्वच्छ नहुनु । प्राय व्यक्तिहरु Politics is a dirty game भन्ने मानसिकता राखेको अवस्थामा Politics is not a dirty game. It is very improtant to run the nation, without it nothing is possible. It should be respected and all the people should have knowledge about the politics. भन्ने सोचाई आज जनतामा ल्याउनको लागि राजनीतिज्ञहरु लागि पर्नुपर्दछ । छैठौं प्राय महिला घरको काममा व्यस्त हुने भएकोले बाहिरको वातावरण बुझ्ने फुर्सद नहुने कारण पनि एक हो । सातौं जातीय विभेद जसको कारण राजनीतिमा दलित महिलाको सहभागिता अत्यन्तै न्यून छ र निर्णय प्रक्रियामा त छँदै छैन । आठौं, लैङ्गिक विभेद, जसले गर्दा समाजले राजनीतिमा लागेको महिलालाई हेर्ने दृष्टिकोण फरक छ । अर्को अशिक्षा जुन नेपालमा व्यापक छ ।

## समाधानका उपायहरु

राजनीतिमा महिला सहभागिता बढाउन राजनैतिक चेतना, ज्ञानमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, राजनीतिलाई महत्व दिने र बढावा दिने खालको शैक्षिक सामग्री तयार गर्ने र विद्यालयको पाठ्यक्रममा

पनि राजनैतिक सम्बन्धित इकाई समावेश गर्ने । अग्रज राजनीतिज्ञहरुले राजनीतिप्रति भ्रष्टाचारमुक्त स्वच्छ छविको निर्माण गर्ने । निर्णय तहमा महिलाको अनिवार्य उपस्थितिको नीति तयार गर्ने । गरिबी न्यूनिकरणका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने । अशिक्षा हटाउन विभिन्न खाले अनिवार्य (औपचारिक एवं अनौपचारिक) शिक्षालाई प्राथमिकता दिने । निर्वाचन आयोगमा राजनीतिक दल दर्ता गर्दा निर्णय तहमा अनिवार्य महिलाको सहभागिता हुनुपर्ने नीति तयार गर्ने ।

अन्त्यमा नेपालको करिब २ करोड ८० लाख जनसंख्यामध्ये ५१ प्रतिशत महिलाको संख्या रहेको र इतिहासदेखि नै नेपालको राजनीतिमा महिलाको सक्रिय सहभागीता रहेको छ । विधानमा समानताको अधिकार सुनिश्चित गरिएको, कानूनमा ३३ प्रतिशत आरक्षण व्यवस्था गरिएको, यि सबै कुराको बावजुद पनि राजनीतिमा महिलाको अपेक्षित प्रतिनिधित्व हुन सकिरहकेको छैन । चाहे संविधान सभामा ३२.७७ प्रतिशत यानी १९७ जना महिलाको प्रतिनिधित्व भएको किन नहोस् । अझै पनि सबै ठाउँमा महिलाको प्रतिनिधित्व सन्तोषजनक छैन । अझै पनि अवसर दिए जस्तो गरेर, विना चेतना वा ज्ञान नै सानो आँखिझ्यालबाट संसार हेर्न लगाउने प्रवृति छ । त्यस प्रवृत्तिको अन्त्य भएमा मात्र राजनीतिमा महिला सहभागिता सोचेजस्तो हुन्छ । निर्णय प्रक्रियामा महिलाको अनिवार्य सहभागिताको नीति अवलम्बन गर्नुपर्दछ । अनि मात्र राजनीतिमा खोजे जस्तो महिला सहभागिता बढ्छ र सम्पूर्ण देशको विकास सम्भव हुन्छ ।

## जातीय एकता



✍ विमला खनाल

M & E अफिसर

मनमनै सोध्छु समाजमा छन् कति जात
पढ्छु, बुझ्छु, असल, ज्ञानीहरुलाई सोध्छु
समाजमा छ एउटै त्यो हो मानव जात
बुद्धिमान, सर्वश्रेष्ठ मानव जात, मात्र मानवजात
पुन मनमनै घोत्लिन्छु र सोध्छु समाजमा छन् कुन कुन धर्म
मन्दिर जान्छु, मस्जिद धाउँछु, गुम्बा पस्छु
चर्चमा गई प्रार्थना गर्छु अनि सोध्छु
सबै एकै स्वरमा उत्तर दिन्छन् केवल छ, मानव धर्म
तसर्थ, नगरौं विवाद कुनै अर्थ नराख्ने जातको
न खोज्न सकिन्छ कुनै नयाँ परिभाषा धर्मको
सयौंथरी फूलको एउटा माला नेपाली
नयाँ नेपाल बनाउनु छ सबै जाति मिलि, सबै जाति मिलि
पहाड बोक्न सामर्थ्य राख्ने साना कमिलालाई सोधे
पृथ्वी ढाक्न तछाडमछाड गर्ने धमिरालाई सोधें
कहाँबाट आयो साथी तिमीमा यस्तो मित्रता
हाँस्दै भने मुर्ख मानिस छ हामीमा जातिय एकता
पुन: म सोच्न बाध्य भएँ एकान्तमा बसेर
प्रकृतिका सारा जीव बस्छन् कति मिलेर
खै किन सर्वश्रेष्ठ मानव हामी जानेनौं कहिल्यै मिल्न
लिङ्ग, धर्म, संस्कृति र जातीय एकता राख्न
टुक्रा, टुक्रा हुँदैछौ हामी नेपाली वर्ग, भाषा र जातले
गरिदै छन् दाजुभाइको अन्त्य आफ्नै आफ्नाको हातले
रुँदैछन् नेपाली आमा सन्तानको यो चाला देखेर
कति रुवाउने आमालाई अब त अघि बढौं सबै मिलेर
एकता नै बल हो भन्ने जान्दाजान्दै पनि
विधि र नियमले अनुशासित बनाउँछ भन्दा पनि
कोहि पूर्व, कोहि पश्चिम, कोही उत्तर, कोही दक्षिण
अलिकति आश जागेको थियो खै तर देखियो अशुभ लक्षण
हातेमालो गरेर देशको विकास गर्नु छ भने
रगत पोतेको धर्तीमा शान्ति छर्नुछ भने
जातीय भेदभावको सीमालाई मिलेर तोड्नुपर्छ
टुक्रिएका मुटुहरुलाई पुन जोड्नुपर्छ
टाढा टाढा मिल्काऔं सङ्किर्णताको घेरालाई
छैनौं कोहि उँच, नीच माथि उठाउनु छ मानव जातलाई
काँधमा काँध मिलाई स्वरमा स्वर मिलाई
सभ्यता र देश विकास गर्नु छ मनमा मन मिलाई

## लोकतन्त्र तथा समावेशीकरण तालिमको उपलब्धि

✍ सूर्यमल यादव

अध्यक्ष, नेपाल पिछडा वर्ग महासंघ (OBC), नवलपरासी



मिति २०६९ साल असार २ गतेदेखि ४ गतेसम्म सञ्चालित ३ दिने लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी तालिमबाट धेरै कुराहरु सिक्ने मौका पायौं । सिकेका विषयहरु सबैले आफ्नो आफ्नो पार्टीका विभिन्न छलफल तथा अन्तरक्रियाहरुमा नेताहरुलाई सुझाव दिने र लोकतन्त्रमा चाहि समावेशी बनाउनको निम्ति पैसा दिएर भ्रष्टाचारी गरेर समावेशी हुँदैन । लोकतान्त्रिक समावेशी बनाउनलाई महिला, युवा, अपाङ्गलाई आरक्षण हुनको साथसाथै सबै जातजातिलाई समेटेर लैजाने जस्तै जनजाति, आदिवासी वा दलित, मधेशी, पिछडिएका वर्ग, मुस्लिम यी सबै जातजातिलाई समेटेर जाँदा लोकतान्त्रिक समावेशीकरण हुन सक्छ ।

कतिपय पार्टीको घोषणा पत्रमा सबलाई समावेशीको कुरा लेख्ने घोषणा निकाल्ने र काम चाँही अर्कै किसिमले गर्ने गर्दछन् । जस्तै पार्टीका केन्द्रीय अध्यक्षदेखि जिल्लाको अध्यक्षहरुले सदस्यलाई मनपरी निष्कासन गर्ने गर्दछन् । घोषणा पत्रमा ४१ जनाको सदस्य छ भने ७४ जना समेत भेटिन्छन् । यसरी पार्टीको पूर्ण पालना नभएकोले समावेशी हुन सकेको छैन । तालिम प्रशिक्षकबाट समावेशीकरणका अवरोधकहमा मिडिया, नगरपालिका, राजनैतिक दलहरु, शिक्षाकर्मीहरु, आर्थिक पक्षहरु हुन सक्छन् ।

समग्रमा हाम्रो जिल्लाका अधिकांश पार्टीहरुको घोषणा पत्र आफैमा अत्यन्त राम्रो छ । सबै पक्षलाई अर्थपूर्ण तरिकाले सहभागी गराउनु पर्छ हरेक तह, तप्कादेखि नै । तर व्यवहारमा त्यो अभ्यास पाउन सकिदैन जसको मूलकारण भनेको लोकतान्त्रिक अभ्यास र समावेशीकरणको ढाँचालाई अवलम्बन नगर्नु जिल्ला भित्रका प्रमुख दलहरु लगायत जिल्लामा क्रियाशिल नागरिक सामाजिक संस्थाहरुलाई पनि यस बारेमा जिम्मेवार बोध गराउन यस परियोजनाद्वारा प्रदान गरिएका तालिम, अन्तरक्रियात्मक कार्यक्रम, समूह छलफल र व्यवहारिक अभ्यास पनि निकै उपलब्धीपूर्ण रह्यो । हामी यस जिल्लाको सबै जिम्मेवार व्यक्तिको हैसियतमा उपस्थिति छौं भने अर्कोतर्फ सहमति र RDIF को साझेदारीमा सञ्चालित यस परियोजनाले हामीलाई आँखा खोल्ने काम गरेको छ । आगामी दिनमा हामीले जिल्लाको हरेक नीति, नियम, कार्ययोजना तयार गर्दा जिल्लाभित्र सबै वर्गका (महिला, दलित, अपाङ्गता र सीमान्तकृत अल्पसंख्यक) अर्थपूर्ण सहभागितामा उनीहरुको माग, आवश्यकता र पहुँचलाई ख्याल गरेर अगाडि बढ्यौ भने सर्वपक्षीय, बहुआयामिक विकास धेरै टाढा छैन ।

# लोकतन्त्र, समावेशीकरण र राजनीतिकदलको भूमिका

✍ हरिप्रसाद सापकोटा
कार्यक्रम संयोजक, एस.डि.आई.पि.पि. परियोजना

लोकतनत्रको इतिहासलाई हेर्दा ग्रीस र रोममा ईशापूर्व ५०० तिर लगभग समान समयमा नगर राज्यहरुको उदय र लोकतन्त्रको अभ्यास भएको पाइन्छ ।ग्रीकभाषाको डेमोस  (जनता) र क्राटोस (शासन) बाट डेमोक्र्यासी भन्ने शब्दको जन्म भएको पाइन्छ । ईतिहासलाई हेर्दा आर्थिक विकास अघि विभिन्न कबिलाहरुमा एक प्रकारको समानताको अवस्था रहेको पाइन्छ तर खेतीपाती, व्यापार आदिको प्रभाव विस्तारसँगै साना ठूलाको विभेदबाट राजतन्त्र, कुलीनतन्त्र, हुकुमीतन्त्रहरुको उदय भएको पईन्छ । लोकतन्त्रको मेरुदण्डको रुपमा रहेको निर्वाचन प्रणाली ग्रीसको एथेन्स नगरमा गोला प्रथाद्वारा आम नगरवासीहरुबाट पदाधिकारीहरु छानिने प्रकृयादेखि सुरु भएको पाइन्छ । २०० वर्ष जति पछि मेसिडोनिया (राजा फिलिप) ले आधिपत्य कायम गरेपछि त्यहाँको लोकतन्त्रको समाप्ति, पछि फेरि यहाँ रोमनहरुको साम्राज्यमा गाभियो र पछि अमेरिकाले १७८७, फ्रान्सले १७८९ मा स्वतन्त्रताको घोषणा गरी नयाँ संविधान जारी गरी लोकतन्त्रको इतिहासमा आधुनिकता विस्तार भएको देखिन्छ  भने दोस्रो विश्वयुद्ध पछि संयुक्त राष्ट्रसंघको जन्मसँग मानव अधिकारको अवधारणाको सुत्रपात, लोकतन्त्रको जगको रुपमा रहेको छ । लोकतन्त्रका आधारभुत तत्वहरु: मा मुख्य गरी मानवअधिकार, विधिको शासन, समता, पारदर्शिता, जवाफदेहिता, सहभागिता वा समावेशिकरण, सूचनाको हक, लगायतका कुराहरु पर्दछन्  । यि सबै एक अर्कामा अन्तरसम्वन्धित रहेका छन् ।

पारदर्शिताले भ्रष्टाचार हुन नदिनुका साथै अधिकारवालाहरुलाई तिनको अधिकारको बारेमा थाहा पाउन, उनीहरुले राज्यबाट पाउने सेवा सुविधाहरु पाउन तथा विभिन्न सार्वजनिक निकायहरुको गतिविधिहरुको बारेमा थाहा पाउने तथा आवश्यकता अनुसार निरीक्षण समेत गर्न पाउने कुरा स्पष्ट पार्दै जवाफदेहिता सुनिश्चित गर्नको लागि समेत पारदर्शिता आवश्यक पर्दछ । लोकतन्त्रको आत्मा वा मुटु नै विधिको शासन हो ।विधिको शासन भनेको शासक वा तिनका प्रतिनिधिहरुको स्वेच्छाचारी शासन नभएर कानून बमोजिम गरिने शासन हो भन्ने कुरा स्पष्ट पार्दै विधिको शासनमा जनताको समर्थन भए अनुरुपको कानून – जुन बनाउँदा जसको हितको लागि सो कानून बनाइएको हो उनीहरुसँग परामर्श गरिएको र उनीहरुलाई जानकारी गराइएको हुनु पर्दछ । कानून बमोजिम शासन –कानूनको भावना तथा मर्म बमोजिम मात्र काम गरिनु पर्ने, शासन कार्य कसैको स्वविवेकमा नहुने र कानून सबैलाई समान रुपमा लागू हुनु पर्ने, कोही पनि कानून भन्दा माथि नहुने, सवै कानूनको समान संरक्षणको हकदार हुने गर्दछ । कानूनमा स्पष्टता नभएको अवस्थामा त्यसलाई व्याख्या गर्ने अधिकार कानून कार्यान्वयन गर्ने व्यक्तिलाई नभई स्वतन्त्र र सक्षम न्यायपालिका मार्फत व्याख्या हुनु पर्ने ताकि शासकले मनोमानी ढंगबाट कानूनको व्याख्या गर्न नसकोस् । यसका साथै संविधानवाद भनेको संविधान अनुरुप देश संचालन हुनु पर्ने कुरालाई जनाउने हुँदा यो पनि कानूनको शासनको सुनिश्चितता गर्ने अवधारणा हो । संविधानवादमा देश संचालन गर्नको लागि सहजै संशोधन गर्न नसकिने सबै कानूनभन्दा माथि एक मूल कानून हुनु पर्ने र सोही कानून अनुरुप देशका अन्य कानूनहरु बनाई लागू गरिनु पर्दछ । मानिसका अधिकारका कुराहरु लगायत देश संचालनका मूल प्रकृयाहरुको सम्बन्धमा मूल कानूनमा बन्दोवस्त गरी नागरिकहरु तथा शासकहरु समेत संविधान पालनको लागि जवाफदेही गराउने अवधारणा नै संविधानवाद हो ।



मानव अधिकार भनेको मानिसलाई आत्मसम्मानपूर्ण बाँच्नको लागि नभइ नहुने हकहरु हुन् । यस्ता हकहरु मानिसका आधारभूत आवश्यकताको रुपमा रहेका हुन्छन् । कुनै कानूनमा उल्लेख नभए पनि ती कुराहरु मानिसलाई मानिस भएको कारणले मात्र प्राकृतिक रुपमा प्राप्त हुनु पर्ने भएकाले त्यसलाई मानिसका नैसर्गिक (प्राकृतिक) अधिकार पनि भनिन्छ । मानव अधिकारले राज्य तथा अन्य पक्षको भागमा कर्तव्य सिर्जना गर्दछ । त्यसकारण लोकतन्त्रको स्थापना तथा संरक्षणमा मानव अधिकारको महत्वपूर्ण भूमिका हुन्छ । स्वतन्त्रता, सहभागिता, कानूनको शासन तथा जवाफदेहिता, सूचनाको पारदर्शिता आदि जस्ता कुराहरु मानव अधिकारले सुनिश्चित गर्ने हुँदा लोकतन्त्रको संरक्षणमा मानव अधिकारको पालना गरिनु आवश्यक हुन्छ । त्यसै गरी बिचार तथा अभिव्यक्तिको स्वतन्त्रता, कानूनको शासन, यातनाबाट मुक्ति, संगठित हुन पाउने अधिकार जस्ता लोकतन्त्रका तत्वहरुको अभावमा मानव अधिकार दावी गर्न सक्ने वातावरण नहुने हुँदा मानव अधिकारको निर्वाध प्रयोगका लागि लोकतान्त्रिक व्यवस्था आवश्यक पर्दछ । अरुको अधिकार तथा लोकतन्त्रको संरक्षणको लागि मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा २९ (२) अनुसार आफ्नो अधिकारको प्रयोग गर्दा हरेक व्यक्ति कानूनद्वारा निर्धारित केही बन्देजहरुको अधिन रहने छ, जुन अर्काको अधिकारको मान्यता र प्रचलनको लागि तथा नैतिकता, अमनचैन र लोकतान्त्रिक समाजमा लोककल्याणको लागि आवश्यक हुन्छ । त्यस्तै नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी धारा २०: मा  कुनै पनि युद्धको लागि प्रचार कानूनद्वारा निषेध गरिने छ त्यस्तै भेदभाव, शत्रुता वा हिंसालाई भड्काउने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानूनबाट निषेधित गरिनेछ भनि उल्लेख गरिएको छ ।

## समावेशिकरण

समाजमा बञ्चितीकरणमा पारिएका व्यक्तिहरुलाई कानून अनुरुप समाजका अन्य व्यक्तिहरु सरह नै सबै मानव अधिकारहरु हुने भए पनि उनीहरुले विभेदपूर्ण सामाजिक संरचनाका कारण ती अधिकारहरुबाट बञ्चित हुने हुँदा पहिला उनीहरुलाई समान रुपबाट ती अधिकारहरु दावी तथा उपभोग गर्न सक्ने बनाउनु आवश्यक पर्दछ त्यसका लागि अधिकारका उपभोगका बाटामा रहेका तगाराको रुपमा रहेको सामाजिक संरचना हटाउने तथा विशेष संरक्षण गर्ने कार्य गरिनु पदर्छ । यसको लागि पछाडि पारिएका व्यक्तिहरुलाई उनीहरुको थप अधिकारको रुपमा अन्य व्यक्तिहरु सरह समान रुपले अधिकारहरुको उपभोग गर्न सक्षम नभए सम्म सकारात्मक कदमहरुको रुपमा विशेष अधिकार तथा सुविधाहरुको व्यवस्था समावेशीकरण गर्नु पर्दछ  जसको फलस्वरुप त्यस्ता समुदायको सहभागीता सुनिश्चित गर्न सकियोस् । समावेशीकराण शब्दले सामान्य रुपमा हेर्दा  सहभागिता लाई जनाउने गर्दछ तर वास्तविक रुपमा समावेशीकरण भन्नाले कुनै संघसंस्था, निकाय वा समूह तथा संगठनमा हुने अर्थपूर्ण सहभागीतालाई जनाउँदछ । सामाजिक समावेशीकरण ले समाजमा रहेका तर विभिन्न कारणबाट पछाडी परेकाहरुलाई समाजको मूलधारमा ल्याउनका लागि वा अरुसमान बनाउनका लागि र कुनै बिशेष  ब्यवस्था गरेर वा अधिकार वा  केही समयको लागि अरक्षणको व्यवस्था गरेर अरुसमान बनाउने काम गर्दछ । अर्थपूर्ण सहभागिता

भन्नाले कुनैपनि निकायका निर्णयप्रक्रियामा पहुँच हुनुलाई जनाउँदछ वा नीति तथा नियम निर्माण गर्दा त्यस्ता निति तथा नियमका पालनकर्तालाई पनि सहभागी गराउनुलाई समावेशीकरण को रुपमा लिनसकिन्छ । नेपालको अनतरीम संविधान २०६३ को धारा ४. नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य हो । धारा २१.मा सामाजिक न्यायको हक: आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरीब किसान र मजदूरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ । यसरी कानूनी रुपमा व्यवस्था हुँदाहुँदै पनि राजनीतिक दलहरुमा समावेशीकरणको मुद्दा टड्कारो रुपमा देखिएको छ राजनैतिक दलमा समावेशीकरणका उपायलाई हेर्दा राष्ट्रियस्तरमा तब समावेशीकरण सम्भव छ जब जिल्ला स्तरमा समावेशीकरण भएको हुन्छ । जिल्लास्तरमा तब समावेशीकरण हुन्छ, जब वडा, गाविस, इलाका वा नगरपालिकास्तरमा समावेशीकरण हुन्छ । जब हरेक राजनीतिक दलले आ-आफ्ना दलमा तल्लो तहदेखि नै दलका महिला, दलित, अपाङ्गता भएका तथा अल्पसंख्यक कार्यकर्तालाई माथि उठाउने पहल गरे समग्रमा त्यस्ता समुदायहरुको अधिकतम समावेशीकरण सम्भव हुन्छ ।

**राजनीतिक दलको भूमिका:**

नेपालमा लोकतन्त्रको स्थापनामा राजनीतिक दल तथा तिनका कार्यकर्ताहरुले अद्वीतीय योगदान गरेको भए तापनि पटक पटक लोकतन्त्र धरापमा परेको वास्तविकता नकार्न सकिदैन । खास गरी लोकतन्त्रको अवतरण भएपछि राजनीतिक दलभित्र लोभको कारण प्रवेश गर्ने तत्वहरुले कानुनको शासनको अवज्ञा गर्ने र त्यसलाई जानी नजानी राजनीतिक दलहरुले गरेको समर्थन, पारदर्शीताको अभाव तथा लोकतान्त्रिक सँस्कारको अभाव जस्ता कार्यहरुले गर्दा लोकतन्त्र धरापमा परिरहन्छ । वर्तमान समयमा समेत कानूनको शासनको परिहास, पारदर्शिताको अभाव, जवाफदेहिताको अभाव आदि जस्ता कारणले गर्दा लोकतन्त्र खतरामा पर्ने सम्भावना देखिन्छ ।

राजनीतिक दलहरु नै सत्तामा आसीन हुने र विपक्षीको रुपमा सत्ताधारी दललाई नियन्त्रण गर्नको लागि विभिन्न औपचारिक तथा अनौपचारिक रुपमा भूमिका निर्वाह गर्ने हुँदा लोकतन्त्रको संरक्षण तथा संवर्द्धनमा राजनैतिक दलहरुको भूमिका सबैभन्दा महत्वपूर्ण हुने गर्दछ त्यस्तै राजनीतिमा सकृय देखिने वा राजनीतिलाई प्रभाव पार्ने अन्य तत्वहरु जस्तै नागरिक समाज तथा नीजि क्षेत्रहरुसमेत राजनैतिक दलका समर्थक वा चन्दादाताहरुको रुपमा रहने र तिनले राजनैतिक दलहरुमार्फत नै सरकार वा राज्यका नीतिहरुलाई प्रभाव पार्ने भएको हुँदा लोकतान्त्रिक सँस्कार विकास गर्न तथा लोकतन्त्रलाई सुदृढ गर्नको लागि राजनीतिक दलको भूमिका अहम हुने गर्दछ। समाजका हरेक क्रियाकलाप राजनितिबाट मुक्त छैन, समाजका हरेक निकायमा राजनितिक प्रभाव रहेको हुन्छ । हरेक किसिमका विकासका लागि त्यसको जग बलियो हुनु आवश्यक भएजस्तै लोकतान्त्रिक तथा समावेशीकरण पद्धतिको सुदृढिकरणका लागि समाजको तल्लो तहबाट नै यसको मजबुतिकरण आवश्यक छ । राजनीतिक दलहरु समाजका तल्लो निकायसम्म सक्रिय रहिरहने र हरेक तहमा सक्रिय भइरहने हुँदा यिनीहरुको प्रभाव समाजमा व्यापक रहन्छ त्यसैले सबै दलहरु मिलेर एकैसाथ प्रयास गर्ने हो भने लोकतान्त्रिक एवं समवेशीकरण पद्धतिको सुदृढिकरण सम्भव हुन्छ ।

# लोकतान्त्रिक एवं समावेशीकरण सम्बन्धी सामाजिक अभ्यासहरु

✍ श्री प्रसाद ढकाल

जिल्ला सदस्य, ने.क.पा. माले, नवलपरासी



लोकतान्त्रिक तथा समावेशीकरण विषयलाई लिएर नवलपरासी जिल्लामा रहेका विभिन्न राजनीतिक दलहरुको सहभागितामा सुविधा सम्पन्न सहमति अध्ययन केन्द्रमा चलेको तालिममा व्यवहारिक शिक्षा प्राप्त गर्न आएकोमा आयोजक सहमति गैडाकोट र प्रस्तुतकर्ता प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु । उक्त तालिममा सिकेका कुराहरुबाट नेपालमा लोकतन्त्र र समावेशीकरण विषयमा म आफ्नो विचार राख्न चाहन्छु ।

नेपाल आफ्नो काखमा रमणीय र रसिला पहाडहरुको व्यापक, विस्तार, उर्वर उपत्यकाहरु, चुरे क्षेत्र, तराई मधेश तथा उत्तर-दक्षिण भएर अविरल बगिरहने विशाल नदी र झरनाहरु पूर्व-पश्चिम फैलिएका विश्व प्रसिद्ध हिमालय पर्वत अनि विश्वको सर्वोच्च शिखर सगरमाथा रहेको सुन्दर देश हो । लामो इतिहास भएको हाम्रो यो देश सुन्दर मात्र नभई प्रचुर विविधताले सम्पन्न समेत छ । लगभग १०० भाषा बोल्ने अत्यन्त मिलनसार, परिश्रमी, वुद्धिमान, वीर र इमान्दार १०० भन्दा बढी जातजातिहरु एवं विविध धर्म र सँस्कृतिका जनताको साझा राष्ट्रको रुपमा रहेको यस देशमा बहुजातीयता, बहुभाषिकता, बहुसाँस्कृति, बहुधार्मिकता एवं अनुपम भौलोलिक विविधता जस्ता आफ्नो मौलिक विशिष्टताहरु रहेका छन् ।

विभिन्न काल खण्डमा संघर्ष क्रान्ति, युद्ध र आन्दोलनले ल्याएको प्रजातन्त्र, लोकतन्त्र र संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक धर्म निरपेक्ष राष्ट्रसम्म आइपुग्दा पनि बहुसंख्यक गरिबी, मजदुर, महिला, आदिवासी जनजाति, अपाङ्ग, दलित, पिछडा वर्ग, अल्पसंख्यक, धार्मिक समुदायहरुले वास्तविक लोकतन्त्र तथा सामाजिक समावेशीकरणको महशुस गर्न पाएका छैनन् । विगतमा शोषित-पिडित, गरिब, मधेश, दलितको र पिछडिएको क्षेत्र आदिका लागि भन्दै विभिन्न पार्टीहरु खोलिएको छ तर विडम्बना मुलुकमा लोकतन्त्र आइसक्दा पनि लोकतन्त्रको अभ्यास गर्न पाएका छैनन् । सबै नेताका पार्टीहरुका दस्तावेज र घोषण पत्रमा सामाजिक समावेशीकरणको बारेमा लेखिएता पनि व्यवहारमा पार्टीहरु स्वयम्ले त्यसको कार्यन्वयन गर्न सकिरहेका छैनन् । नेपालको अन्तरिम संविधान २०६३ मा पनि उत्पीडित, महिला, आदिवासी-जनजाति, तराइ मधेशी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र अन्यको लागि अधिकारहरु सुनिश्चित गरिएको सन्दर्भमा त्यसको प्रयोग व्यवहारमा हुन नसक्नु र हुन नदिनु बिडम्बना हो ।

**नेपालमा समावेशी हुन नसक्नुमा विभिन्न कारणहरु छन् । जस्तै:**

- पितृसत्तात्मक समाज
- जनचेतना र एकताको कमी
- आतिवादी चिन्तन
- दलभित्रका केही स्वार्थ वर्गका नेताहरु
- शिक्षाको कमी
- भाषिक तथा लैङ्गिक विभेदता
- कानुनको कमी
- आर्थिक विपन्नता
- बाहुनवाद प्रवृति

नेपालमा मात्र नभई दक्षिण एसियाका अन्य देशहरुमा पनि समावेशीकरणको सुदृढिकरण भएको छैन । नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र भइसकेको अवस्थामा अब पनि महिला, आदिवासी, जनजाति, तराई मधेश, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र पछाडी पारिनु हुँदैन । कुनै पनि

*(बाँकी १३ औं पेजमा)*

# प्रशिक्षक प्रशिक्षण कार्यक्रमको समिक्षात्मक अनुभूति

✍ गोपी ज्ञवाली
अवध राज्य समिति सदस्य, एनेकपा माओवादी, नवलपरासी

नवलपरासी जिल्लाभित्र रहेका राजनैतिक पार्टीहरुमा लोकतान्त्रिक एवं समावेशीकरणलाई मुख्य केन्द्र बनाएर गरिएको ५ दिवसीय प्रशिक्षक प्रशिक्षण कार्यक्रममा नवलपरासी जिल्लाभित्र राष्ट्रिय मान्यता प्राप्त १२ राजनैतिक पार्टीको उपस्थिति रहेको थियो ।

देशको नीति निर्माण गर्ने राजनैतिक पार्टीहरु जसको काम, कारवाही एवं राजनैतिक एजेण्डाले मात्र समाजमा योजनावद्ध रुपमा परिवर्तन गर्न सक्दछ । यस अवस्थामा परिवर्तनको संवाहकको रुपमा रहेका राजनैतिक पार्टीका जिल्लास्तरीय प्रतिनिधिहरु बीचमा चलाईएको छलफलको विषय नेपाली सामाजिक, राजनैतिक आँखाले हेर्दा समय सान्दर्भिक नै भन्नुपर्दछ । जिल्लाभित्र रहेका १३ वटा राजनैतिक पार्टीहरुमा पुरानो समयदेखि नेपाली राजनीतिमा प्रभाव राख्ने र नयाँ समयमा स्थापित भएका नयाँ राजनैतिक एजेण्डाका साथ राजनैतिक फिल्डमा आएका पार्टीहरुको त्यो संयोजन निश्चित रुपमा सहभागी प्रतिनिधिहरु मध्ये धेरैलाई नयाँ अनुभूतिकै विषय थियो ।

राष्ट्रियस्तरका राजनैतिक पार्टीले समावेशीता र लोकतान्त्रिकरणलाई पार्टीको शुरुवाती कालदेखि नै आफ्नो एजेण्डामा प्राथमिकतामा राख्ने भन्दै कतिपय पार्टीले यसलाई समयमा परिवर्तनसँगै आत्मसाथ गरे या गर्न खोज्ने जुन राम्रो पक्ष हो तर त्यस्तो विषय जिल्लास्तरका राजनैतिक पार्टी कमिटिहरुभित्र समावेशीकरण एवं लोकतान्त्रिककरण लागु छ त ? भन्ने प्रश्नले नवलपरासीमा राम्रो उत्तर पाउँदैन । नेपाली समाज लामो समयदेखि सामन्तवादी राज्य व्यवस्था, सामन्तवादी उत्पादन प्रणालीभित्र रहेर आएको हुनाले होला राजनैतिक पार्टीभित्र पनि त्यसको प्रभाव धेरैथोरै समस्या देखियो । कार्यक्रमको आयोजक संस्था एवं लगानीकर्ता संस्थाको दिर्घकालीन सोच र योजना जे, जस्तो भए पनि TOT कार्यक्रम नवलपरासीका राजनैतिक दलका लागि उपयोगी नै रहेको भन्न सकिन्छ । तर त्यति प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएका व्यक्तिले आ–आफ्नो पार्टीभित्र समावेशीकरण एवं लोकतान्त्रिककरणमा विषय लागु गराउन सक्छन् भन्ने प्रश्न उठ्नु स्वभाविक हो । सहभागीहरु मध्ये कतिपयलाई त समावेशीकरण, लोकतान्त्रिकरण एवं मानवअधिकारको यस प्रकारको कार्यक्रम नै नयाँ थियो भन्ने सहजै अनुमान लगाउन सकिन्छ । तर कार्यक्रम आयोजकले यस प्रकारको अन्तरछलफल राजनैतिक पार्टी एवं अन्य सम्बन्धित संघसंस्थाका प्रमुख, प्रमुखहरु बीचमा पनि अन्तरछलफल गराउन सके उद्देश्य प्राप्तिमा लागे सहज हुने थियो । फेरी यो विषयमा हाम्रो समाज पनि कम सचेत भएकाले Grass root लेवलमा पनि अन्तरछलफलको आवश्यकता रहेको महशुस गरिएको छ ।

विदेशी दाता संस्थाहरुले विना कुनै अर्थमा यत्रो लगानी त लगाएन पक्कै पनि आफ्नो कुनै न कुनै उद्देश्य होला, दिर्घकालीन उद्देश्य जे, जस्तो भए पनि अहिलेको परिस्थिति र समयमा TOT को कार्यक्रम नवलपरासी जिल्लाका राजनैतिक पार्टीहरुमा उत्पादनमूलक नै रहेको महशुस गरिएको छ ।

आयोजक संस्था सहमतिको व्यवस्थापनको पक्ष भने अत्यन्तै राम्रो । २०५८ सालमा मात्र दर्ता भएको संस्थाले सानै समयमा आफ्ना भौतिक पूर्वाधार सहित अनेक सामाजिक पक्षमा गरेको प्रयास सह्रानीय छ ।

समावेशीकरण, सूचनाको हक एवं मानवअधिकार जस्ता कुरा राजनैतिक पार्टीमा होइन कि जस्तो लाग्ने अवस्था देखियो । कार्यक्रमले राजनैतिक रुपमा आ–आफ्ना पार्टीका पक्षमा मात्र बोल्ने बानी लागेका नेतृत्वहरुमा संकलित प्रस्तुतिका लागि दवाव दियो । "मैरै गोरुका बाह्रै टक्का" भन्ने प्रवृति नेपाली राजनीतिक पार्टीहरुमा रहेकै भएकाले ऐतिहासिक संविधान सभा भंग भएको अवस्थामा यस प्रकारको सामुहिकतामा बसाई एवं अन्तरछलफलले एकअर्काको बिचार र सोच वा सम्मान गर्नका लागि



वातावरण सृजना गरेको महशुस गरिएको छ भने सामुहिक छलफलले कुनै साथीलाई कम ज्ञान भएका विषय एकआपसमा साटासाट गर्न राम्रो कक्षा बनेको छ । देशको राजनैतिक अवस्था अस्थिर भएका बेलामा जिल्लास्तरका नेतृत्वहरु बीचको स्थीर एवं गम्भिर छलफल अत्यन्तै महत्वपूर्ण रहयो भने अर्को त्यस्तै महत्वपूर्ण पक्ष भनेको यसरी यस प्रशिक्षण कार्यक्रमले दिएका सन्देश, सिकाइलाई आफ्नो पार्टीभित्र कसरी समायोजन गर्न सकिन्छ । कसरी छलफल, अन्तर्क्रिया गर्न सकिन्छ भन्ने कुरा टड्कारो आवश्यकता देखिन्छ । नवलपरासी जिल्लामा राजनैतिक दलभित्रको लोकतान्त्रिक र समावेशीकरण सुदृढिकरण प्रयास थाल्नु अर्थात् यस्ता मुद्दाहरुमा दलका जिम्मेवार साथीहरुलाई झकझकाउनु सहमति संस्थाको यो परियोजनाको विषयगत अभ्यासलाई सराहनीय कार्य मान्न सकिन्छ । अर्कोतर्फ जिल्लास्तरको जिम्मेवार पार्टीका प्रमुख तथा प्रतिनिधिहरु एकै फोरममा जम्मा भएर लोकतन्त्र तथा समावेशीकरण मुद्दामा साझा बुझाइको विकास र प्रतिवद्धता जाहेर गर्न पनि एउटा महत्वपूर्ण कडिको रुपमा लिन सकिन्छ । अतः यस परियोजनाको मूल, मर्मलाई आत्मसाथ गर्दै आजदेखि नै आ–आफ्नो पार्टीभित्र लोकतन्त्र तथा समावेशीकरण पद्धतिलाई सुधार्ने हो भने अर्थात् यसको संस्थागत विकासको लागि आजैदेखि नै बहस, पैरवी गर्नुपर्ने देखिन्छ ।

## हार्दिक बधाई

घरेलु सौर्य उर्जा प्रणालीका लागि कर्जा लगानी कार्यक्रमका लागि **श्री नगेन्द्र प्रसाद रिजालज्यू** कार्यक्रम संयोजक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका लागि शिवमन्दिर गाविसमा **श्री गणेश वि.क.ज्यू** सामुदायिक सहजकर्ता, किशोरी शक्ति परियोजना सिन्धुलीका लागि **श्री कविता दाहाल** लघुवित्त सुपरभाइजर, ग्रामिण युवा विकास कार्यक्रम नवलपरासीको रतनपुर गाविसमा सामुदायिक सहजकर्ताको लागि **श्री झविन्द्र गरञ्जा मगर** र उक्त कार्यक्रमको एकाउन्टेन्टका लागि **श्री प्रभा ढकाल** र **लोकतन्त्र मजबुत बनाऔं कार्यक्रमका** लागि लोकतन्त्र सहजकर्ताका रुपमा **श्री जानकी थापा मगर** र **श्री विष्णु घिमिरे**, सामुदायिक सहजकर्ताका रुपमा **श्री सान्त्वना सुवेदी, कञ्चन वि.सि., श्री होमकुमारी पञ्जियार, श्री रेश्मी कुमारी चौधरी** र **श्री उर्मीला चौधरी** नियुक्त हुनु भएकोमा हार्दिक बधाई तथा कार्यसफलताको शुभकामना ।

**सहमति परिवार**

# तथ्याङ्कमा सहमति

| क्र. सं. | कार्यक्रमको नाम | साझेदार संस्था | कार्यक्षेत्र | | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या | | | | | कर्मचारी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कार्यरत जिल्ला | कार्यक्रमले समेटेको गाविस | | दलित | जनजाति | महिला | युवा | अन्य | महिला | पुरुष |
| १ | समुन्नति कार्यक्रम | अक्सफाम हङ्कङ्ग | नवलपरासी कपिलवस्तु | नवलपरासी-७ कपिलवस्तु-१ | ४१६४ | ३६३ | ३२२७ | ३७४८ | - | ५७४ | ५ | ४ |
| २ | ग्रामीण युवा विकास कार्यक्रम | आबु इन्टरनेशनल | नवलपरासी | पहाडि भेगका ४ गा.वि.स. | १,९०६ | ७५० | ११,०९४ | ५,९९० | ५,७८६ | ७२८ | ७ | ८ |
| ३ | लघुवित्त संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम | प्लान नेपाल | सिन्धुली | २० गा.वि.स. | १२,०१४ | १,३४७ | ६,४६० | १२,०१४ | २,२३४ | ४,२०७ | ५ | ८ |
| ४ | घरेलु सौर्य उर्जा प्रणालीका लागि कर्जा लगानी कार्यक्रम | वीनरक इन्टरनेशनल/एस. डेभलपमेन्ट बैंक | नवलपरासी, पाल्पा, तनहूँ, सल्यान, जाजरकोट | - | २,००० | - | - | - | - | - | - | १ |
| ५ | लोकतन्त्र मजवुत बनाऔं कार्यक्रम | एक्सन एड नेपाल | नवलपरासी | नारायणी, देउराली, कुडिया र त्रिवेणी सुस्ता | ४,७४७ | २,६३६ | १७,७७१ | १२,१०० | - | ६,११६ | १४ | २ |
| ६ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | जिविस नवलपरासी | नवलपरासी | ७ गा.वि.स. | १६,३८३ | ९,६८७ | ३६,०३० | ४६,२०८ | - | ४६,०३७ | ६ | १ |
| ७ | शान्ति र सामुदायिक विकासका लागि स्थानीय प्रयास प्रवर्द्धन कार्यक्रम | जि.आई.जेट/एस.टि.पि.पि | सुर्खेत, मोरङ र सिन्धुली | ३ गाविस | ६४७ | ३४५ | ६६१ | ६०३ | - | ५१७ | - | ४ |
| ८ | वेल्ट वार्ट भोलेन्टर कार्यक्रम | जि.आई.जेट | नवलपरासी | - | - | - | - | - | - | - | - | १ |
| ९ | केन्द्रिय कार्यालय | आन्तरिक | नवलपरासी | - | - | - | - | - | - | - | १ | ७ |
| १० | दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्बी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम | प्लान नेपाल | बाग्लुङ्ग, म्याग्दी | १८ | २७३६ | २०९७ | १९० | २७३५ | - | ४६२ | २२ | ८ |
| ११ | नवलपरासी जिल्लाका राजनैतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढिकरण परियोजना | आर.डि.आई.एफ. | नवलपरासी | जिल्लास्तरमा संचालित | - | ४९ | ५० | ४४ | १५४ | १५५ | १ | २ |
| जम्मा | | | ११ | ६४ | ४४५९७ | १७२७४ | ७५४८३ | ८३४४२ | ८१७४ | ५८७९६ | ६१ | ४६ |

# कार्यक्रम गतिविधि

## सहमतिले आफ्ना कार्यक्रमहरुलाई २ कार्यगत विषयमा विभाजित गरेको छ ।

### विषयगत क्षेत्र-१ मा सामाजिक परिचालन र सामुदायिक विकास रहेको छ, जस अन्तर्गत निम्न कार्यक्रमहरु रहेका छन् ।

### समुन्नति कार्यक्रम नवलपरासी, कपिलवस्तु

ग्रामीण स्वावलम्बन प्रयासहरुको प्रवर्धन (समुन्नति) कार्यक्रम गत सन् २००५ मार्च महिनादेखि शुरु भएको अक्सफाम हङ्कङ्गसँगको साझेदारीमा सञ्चालित कार्यक्रम हो । समुदायको सशक्तिकरणद्वारा संकटासन्नता न्यूनीकरण गर्दै दीगो जीविकोपार्जनमा सहयोग पुऱ्याउने, जसले गुणस्तरीय जीवन र समुदायको सम्पन्नतालाई आफ्नो लक्ष्य बनाएको छ ।

**कार्यक्षेत्र नं.-१**

- युगचेतना नारी बचत तथा ऋण सहकारी संस्था लि.सँगको सहकार्यमा १ जना कृषि प्राविधिक मुकुन्दपुर गाविसका लागि नियुक्त र तत्कालका लागि गाविसस्तरीय कृषि/पशु सवाल विश्लेषण र कार्ययोजना तयारी ।

**कार्यक्षेत्र नं. -२**

- आधारभूत ग्रामीण विकास सेवाको उद्देश्य अनुसार कार्यक्रम/साझेदारी विस्तारका लागि नेपालमा कार्यरत ४ वटा अन्तर्राष्ट्रिय गैससँग सम्पर्क, समन्वय र २ वटामा Concept paper पेश ।
- जिल्ला कृषि तथा पशु कार्यालयमा ६ वटा समूह दर्ता ।
- खाद्य सुरक्षा तथा जीविकोपार्जन केन्द्रित अध्ययन र योजना तर्जुमा कार्य सम्पन्न । योजना दस्तावेज तयारी चरणमा ।
- आधारभूत ग्रामीण विकासको आर्थिक र सहजिकरण सहयोगमा आधारभूत बचत तथा ऋण सहकारी संस्था लि.मा विपद् सामना कोष स्थापना र सहयोगको सम्झौता सम्पन्न । साथसाथै विपद सामना कोष व्यवस्थापन नीति तयारी ।

**कार्यक्षेत्र नं.-३**

- कार्यक्षेत्र नं.-३ का लागि २ जना प्राविधिक कर्मचारी नियुक्त । नरम गाविसमा पशु प्राविधिक र जौवारी तथा भारतीपुर गाविसका लागि कृषि प्राविधिक कार्यरत ।
- जौवारी ४ कुटियामा जलवायु परिवर्तन अनुकूलनका लागि नमूना कार्य अन्तर्गत साना सिञ्चाई पोखरी निर्माण कार्य सम्पन्न । २ जनाद्वारा व्यवसायिक तरकारी खेती शुरु ।
- नरम तथा अर्खला गाविसमा १/१ वटा महिला बचत तथा ऋण सहकारी संस्था दर्ता ।
- कार्यक्षेत्र नं.-३ का ४ वटा सहकारी संस्थाका ३४ जनाद्वारा सहकारी लेखा व्यवस्थापन तालिममा सहभागिता ।

- नरम तथा अर्खला गाविसको नयाँ दर्ता भएका सहकारी संस्थामा नियमित कार्यालय सञ्चालनका लागि फर्निचरको व्यवस्था ।
- अर्खला गाविसमा २ वटा व्यवसायिक बंगुरपालन तालिम सम्पन्न ६० जना बढीको सहभागिता ।
- नरम तथा अर्खला गाविसमा गरी ४५ वटा सुधारिएको बंगुरको खोर निर्माण कार्य सम्पन्न ।
- जौवारी, भारतीपुर, नरम र अर्खला ४ वटै गाविसमा नि:शुल्क पशु स्वास्थ्य शिविर सम्पन्न ६०० घर भन्दा बढीद्वारा सेवा प्राप्त ।
- कार्यक्षेत्र नं.-३ अन्तर्गतका ४ वटै गाविसमा गरी ४०० वटा सुधारिएको चल्हो निर्माण ५० प्रतिशत निर्माण कार्य सम्पन्न ५० प्रतिशत निर्माणाधिन अवस्थामा।
- नरम तथा अर्खला गाविसमा प्रवर्धन भएका नयाँ सहकारीहरुमा सहकारी व्यवस्थापन तालिम सम्पन्न । दुवैमा गरी ७० जना बढीको सहभागिता ।
- भारतीपुर गाविसमा रहेको ममता महिला बचत तथा ऋण सहकारी संस्थामा सहकारी व्यवस्थापन तालिम सम्पन्न । ३० जनाको सहभागिता ।
- अर्खला गाविसमा WASH प्रयासमा आधारित सहयोग अन्तर्गत १२५ जना भाडा सुकाउने बासका च्याकहरु निर्माण । सो भन्दा बढी संख्या अन्य घरपरिवारमा स्व-लगानीमा च्याक निर्माण ।
- जौवारी गाविस जलवायु परिवर्तन अनुकूलनका लागि प्रयासमा आधारित २ वटा पुरानो कुलो मर्मतका लागि ९५,०००।- बराबर सहयोग सम्झौता सम्पन्न ।
- अर्खला गाविस वार्ड नं. ९ का ३० जना समूह सदस्यलाई व्यवसायिक बाख्रापालन तालिम सम्पन्न ।
- जौवारी, भारतीपुर, अर्खला र नरम गाविसमा १०,००० लिटरका २२ वटा प्लाष्टिक पोखरी निर्माण भई करेसावारीमा सिञ्चाई कार्य प्रारम्भ । ६०० मिटर सिञ्चाई पाइप १२ जनालाई सहयोग ।
- जौवारी तथा भारतीपुर गाविसका गरी २५ वटा कृषि तथा पशु समूहमा २,५०,०००।- बराबर घुम्तिकोष सहकारी मार्फत हस्तान्तरण अति विपन्न परिवारको उक्त घुम्तिकोषमा सहज पहुँच वृद्धि ।
- जौवारी बहुउद्देश्यीय सहकारी संस्था लि. का नवनिर्मित भवनमा आधुनिक काउण्टर निर्माणका लागि सहयोग सम्झौता निर्माण कार्य अन्तिम चरणमा ।

## लघुवित्त संस्थाहरुको संस्थागत क्षमता अभिबृद्धी कार्यक्रम, सिन्धुली

सहमति र प्लान नेपाल, सिन्धुलीद्वारा सञ्चालित लघुवित्त संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सन् २०१० देखि सिन्धुलीको २० गा.वि.स.मा सञ्चालन गरिएको छ । यो कार्यक्रम ६ वर्षको मकवानपुर जिल्लाको सफल अनुभव र सिकाइलाई अझ व्यवहारिक र सुदृढीकरण गर्ने उद्देश्यले सिन्धुलीको पहाडि भेगमा रहेका ग्रामीण महिलाहरुको सामाजिक तथा आर्थिक सशक्तिकरण, पारिवारीक, सांस्कृतिक विकास गरी समग्र गुणस्तरीय जीवनमा योगदान गर्दै ग्रामीण महिला समूह, सहकारीको संस्थागत क्षमता विकास गर्ने रहेको छ ।

- १८ चरणमा तिन तिन दिने समूह व्यवस्थापन तालिम सम्पन्न
- ५ चरणमा तिन तिन दिने सहकारी व्यवस्थापन तालिम सम्पन्न
- ४ चरणमा सहकारी संस्थाहरुको लागि तिन तिन दिने ब्यवसायीक योजना तर्जुमा गोष्ठी सम्पन्न जसबाट ४ वटा सहकारी संस्थाहरुको व्यवसायीक योजना निर्माण गरिएको
- सहकारी संस्थाका कर्मचारी र संचालक समितिका पदाधिकारीहरु बिच २ दिने अन्तक्रिया कार्यक्रम सम्पन्न
- सहकारी संस्थाका कर्मचारी र संचालक समितिका पदाधिकारीहरुका लागि एक चरणको ५ दिने सामाजिक परिचालन कार्यक्रम सम्पन्न
- १०० वटा महिला स्वावलम्बन समूहहरुलाई समूह संचालन नीति र निर्णय पुस्तिका सहयोग
- बार्षिक समिक्षा बैठक सम्पन्न
- बार्षिक प्रगति प्रतिवेदन तयारी
- आगामी एक बर्ष (जुलाई २०१२ देखि जुन २०१३ सम्म )का लागि कार्यक्रम तर्जुमा ।

## लोकतन्त्र मजबुत बनाऔं कार्यक्रम, नवलपरासी

समाजका सबै वर्गको सक्रिय र अर्थपूर्ण संलग्नतालाई सक्षम तुल्याउने, स्थानीय समुदायद्वारा अगुगाई गरिएको विकास मार्फत समावेशी स्थानीय लोकतन्त्रको प्रवर्द्धन गर्नु हो । एक्सन एड नेपाल तथा Danida HUGOU को संयुक्त लगानीमा यो परियोजना सञ्चालित छ ।

### *जनमैत्री मञ्च तथा प्रक्रियाहरुको उपलब्धीहरु*

- वस्तीबाट आएको योजनालाई वडा नागरिक मञ्चले प्राथमिकीकरण गरी एकीकृत योजना तर्जुमा समितिमा पठाई वस्तीबाट आएको योजना फारामलाई मात्र परिषद्बाट पास भएको छ ।
- वडा नागरिक मञ्च तथा प्रत्येक वडाको महिलाप्रतिनिधिहरुले योजना प्राथमिकीकरण गरी परिषद, ईलाका र जिल्लामा पठाउने योजनाको छनौट गरेका थिए । साथै सबै भन्दा पछाडी परेको वडालाई सर्वाधिक बजेट छुट्टाएको ।
- देउरालीको परिषद्बाट ४५ वटा योजना मध्ये १२ वटा योजनाहरु पर्न सफल भएको छ ।
- नारायणी गाविसको परिषद्बाट ३३ वटा योजना मध्ये ११ वटा योजनाहरु पर्नसफल भएको छ ।
- देउराली र नारायणी गाविसबाट वस्तीबाट आएको योजना फाराम अनुसारको योजनालाई ईलाका परिषद्मा पेश गरिएको । साथै केन्द्रमा पनि वस्तीस्तरबाट आएको योजना पठाएको ।
- ३ दिने जनमुखि शिक्षा विषयक तालिम : सहभागिहरु देउराली र नारायणी गाविसमा सञ्चालित LGCDP कार्यक्रमका सामाजिक परिचालकहरु, दुवै गाविसका गाविस सचिव एवम् अध्यक्षहरु, रिफ्लेक्ट केन्द्रका प्रतिनिधिहरु, वडा नागरिक मञ्चका संयोजकहरु आदी । जसका कारण रिफ्लेक्टको बारेमा गाविसका सचिवहरु, सामाजिक परिचालकहरु र नागरिकहरु स्पष्ट भएका छन्
- रुपान्तरणीय सामाजिक परिचालन अभ्यास कर्मीहरुको जिल्ला भेला सम्पन्न । जसबाट DD परियोजनाको बारेमा र यसले प्रयोग गर्ने विधि, प्रक्रियाहरुको बारेमा स्पष्टता, LGCDP कार्यक्रम नवलपरासी जिल्लाबाट गरिएका क्रियाकालापहरु, उपलब्धी, परिवर्तन, समस्या, चुनौतीका बारेमा जानकारी ।
- गुणस्तरीय स्थानीय सेवामा सुधार विषयक ४ दिने तालिम सम्पन्न । जसका कारण सहजकर्ताहरुले सामुदायिक अंक तालिका विधिको बारेमा जानकारी प्राप्त गरी समुदायमा गई क्रियाकलापहरु सम्पन्न गर्न सक्षम भएका छन् ।
- गुणस्तरीय स्थानीय सेवामा सुधार कार्यक्रमको जिल्लास्तरीय निकाय, गाविस तहमा जानकारी तथा छलफल बैठक सम्पन्न ।

### रिफ्लेक्ट सम्बन्धी उपलब्धीहरु:

- पहिलो बर्षको दुई गाविसमा सञ्चालित चार वटै छलफल केन्द्रमा ल्याप्चे हटाउ अभियान शुरु गरी हाल छलफल केन्द्रका सबै सदस्यहरुले आफ्नो नाम लेखी हस्ताक्षर गर्नुहुन्छ ।
- सतकुन छलफल केन्द्रमा महिलाहरुको कार्यबोझ कम गर्नका लागि सामुदायिक मिल निर्माण गर्ने आवश्यक पहल गर्दै गर्दा स्थानीय वासीद्वारा नीजि लगानी मै सोही क्षेत्रमा नै मिल निर्माणको थालनी

जसका कारण रिफ्लेक्ट केन्द्रका सहभागिहरुबाट उठेको समस्या समाधान हुन लागेकोमा उत्साहित ।

- सुन्दरवस्ती छलफल केन्द्रमा सामुदायिक भवनको आवश्यकता महशुस गरी त्यसको निर्माणको लागि छलफल केन्द्रका सदस्यद्वारा कार्यको थालनी भएको छ । साथै सामुदायिक वन समितिसँग गई काठको माग गरी काठ पाउने कुरा समितिबाट जानकारी ।
- पहिलो बर्षको दुई गाविसका चारवटै छलफल केन्द्रहरुका परिवारको आम्दानी, खर्च र फजुल खर्चको विषयमा छलफल चलाई घैटो विधिबाट सदस्यहरुलाई खर्चमा मितव्ययीता अपनाई फजुल खर्च घटाई बचतगर्नु पर्ने रहेछ भन्ने समुदायलाई जानकारी ।
- नारायणी गाविसमा LGCDP कार्यक्रमबाट नागरिक सचेतना केन्द्र सञ्चालनमा नआएको कारण DDP कार्यक्रमद्वारा त्यसको सञ्चालनको पहलमा LGCDP को सहजकर्तासँगको समन्वयमा नागरिक सचेतना केन्द्रको सञ्चालन DDP Team द्वारा पनि सहजिकरण ।
- नारायणी गाविसमा सञ्चालित शेहरी सामुदायिक छलफल केन्द्रका महिलाहरुबाट महिला विकास समिति गाविसमा दर्ता गरी त्यस समुहलाई जिल्लामा दर्ता गर्न पहल गर्ने कार्य भैरहेको साथै उनीहरुको समुहबाट घण्टे ज्यालामा काम गर्न जाँदा आफ्नो समूह बाहेक अन्यत्र एक घण्टा बराबर रु. ५० ज्याला लिने र रु.१० समूह दर्ताका लागि खर्च गर्ने निर्णय अनुसार कार्य भैरहेको छ ।
- सुन्दरवस्ती छलफल केन्द्रका महिलाहरुमा आफ्नो समुदायको विकासमा चासो बढेको छ र उनीहरु बाटो निर्माण, सरसफाई आदीमा सक्रियरुपमा लागी परेका छन् ।
- त्रिवेणी सुस्ता र कुडिया गाविसमा रिफ्लेक्ट केन्द्रहरुको शुरुवात भई विभिन्न विषयमा छलफल गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ ।

## ग्रामिण युवा विकास कार्यक्रम, नवलपरासी

सहमति र AWO International, Germany द्वारा सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम नवलपरासी जिल्लाको ४ वटा गा.वि.स. मा जनवरी २००८ देखि निरन्तर रुपमा सञ्चालन भइरहेको छ । यस कार्यक्रमले ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्तिलाई परिचालन गरी गाउँको विकासमा अग्रणी भूमिका निभाउनको लागि विभिन्न किसिमका आयमूलक कार्यक्रमहरु गर्दै आइरहेको छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपालमा दिनानुदिन बढ्दै गइरहेको युवा जनशक्तिलाई क्षमता अभिवृद्धि गरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गरी ग्रीमण क्षेत्रका समुदायहरुको गुणस्तरीय जीवनमा पहुँच पुगोस् भन्ने रहेको छ ।

- कार्यक्षेत्रका ४ वटै गा.वि.स.मा १० वटा सहकारी शिक्षा शिविर सम्पन्न जसबाट सहकारी सम्बन्धी ज्ञान हासिल ।
- सहकारी संस्थामा वित्तिय व्यवस्थापन र शुसासन सम्बन्धी ७ दिने तालिम सहमति अध्ययन केन्द्रमा सम्पन्न जसमा कार्यक्षेत्रका ४ वटा सहकारी संस्थाका प्रतिनिधीहरुको सहभागितारहेको थियो ।
- कार्यक्षेत्रका ३ वटा गा.वि.स.का सहकारी संस्थाहरुको व्यवसायिक योजना निर्माण कार्य सम्पन्न ।
- कोटथर गा.वि.स.का २ वटा गाँउहरु कोटथर र ओखलेका ३७ घरधुरीमा शौचालय निर्माणमा सहयोग ।
- कोटथर गा.वि.स.का मोचडाँडा र काफलडाँडाका ५६ घरधुरीमा सुधारिएको वंगुरको खोर निर्माणमा सहयोग ।
- कोटथर गा.वि.स.को काफलडाँडाको लघुजलविद्युत निर्माणका लागि सहयोग
- डाँडाभ्केरी गा.वि.स.को मथारको लघुजलविद्युत निर्माणका लागि सहयोग
- रतनपुर गा.वि.स.को रतनपुरमा सामुदायिक मिल निर्माणका लागि सहयोग
- गैंडाकोट गा.वि.स.को जगन्नाथमा १० घरधुरीमा सुधारिएको वाखाको खोर निर्माणमा सहयोग
- कार्यक्षेत्रका ४ वटै सहकारी संस्थाहरुमा सहकारी व्यवस्थापन कार्यशाला गोष्ठी सम्पन्न
- कार्यक्षेत्रका ३ वटा गा.वि.स.का ३ गाँउहरुमा पशु स्वास्थ्य शिविर सम्पन्न
- कार्यक्षेत्रका युवाहरुद्वारा रुपन्देही जिल्लाका विभिन्न स्थानमा उद्यमहरुको आवलोकन
- कार्यक्षेत्र ४ वटै गा.वि.स.हरुमा गा.वि.स.को वस्तीस्तरीय आर्थिक सुरक्षण योजना तयार
- डाँडाभ्केरी गा.वि.स.लाई खुल्ला दिशामुक्त वनाउने कार्यका लागि आर्थिक सहयोग प्रदान
- गैंडाकोट र डाँडाभ्केरी गा.वि.स.का ३ वटा स्थानीय गैससहरुलाई कार्ययोजना कार्यन्वयनका लागि आर्थिक सहयोग
- कार्यक्षेत्रका गैससहरुका प्रतिनिधिहरुका लागि ७ दिने सामाजिक परिचालन तथा नेतृत्व क्षमता विकास तालिम प्रदान
- कार्यक्षेत्रका युवा उद्यमीहरुका लागि ५ दिने उद्यमशिलता विकास तालिम प्रदान
- रतनपुर गा.वि.सको भत्तेरी गाँउमा १ दिने तरकारी उत्पादक कृषक र व्यापारीहरु विचमा अन्तक्रिया कार्यक्रम सम्पन्न ।
- कार्यक्षेत्रका ४ वटै गा.वि.स.हरुवाट सहभागीता हुनेगरि रतनपुर र कोटथरमा अन्तराष्ट्रिय नारी दिवसमा विविध कार्यक्रमहरु संचालन
- कार्यक्षेत्रका ४ वटै गा.वि.स.का १६ वटा गाँउमा सुरक्षित वसाईसराई सम्बन्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
- कार्यक्षेत्रका ४ वटै गा.वि.स.का १७ जना युवाहरुको विभिन्न किसिमका गैरकृषि सीपमूलक तालिमहरु सहभागिता
- कार्यक्षेत्रका विभिन्न स्थानका कृषकहरुलाई तरकारी तथा खाद्यान्न वालीहरुमा सहयोग प्रदान
- रतनपुर गा.वि.स.का २९ जना कृषकहरुलाई केराको विरुवामा सहयोग प्रदान
- गैंडाकोट, कोटथर र डाँडाभ्केरीका ३ वटा समूहहरुमा समूहस्तरीय योजना निर्माण कार्यशाला सम्पन्न ।

## घरेलु सौर्य विद्युत प्रणालीका लागि कर्जा लगानी कार्यक्रम, नवलपरासी, सल्यान, तनहुँ, पाल्पा र जाजरकोट

सहमति, वीनरक इन्टरनेशनल र एशु डेभलपमेण्ट बैंकको साझेदारीमा सन् २०१० देखि यो कार्यक्रम सञ्चालित छ । समुदायमा रहेका सहकारी संस्थाहरुको माध्यमबाट अति दुर्गम पहाडी भेगहरुमा सौर्य उर्जा जडान गरी ग्रामीण समुदायको कष्टकर जीवन पद्धतिलाई सरलीकरण गर्ने कार्यक्रमको उद्देश्य रहेको छ ।

- हालसम्म जडान संख्या-७९२
- पाल्पा, तनहुँ, नवलपरासीको कार्यक्षेत्र अनुगमन
- सहमति, वीनरक इन्टरनेशनल एस डेभलपमेण्ट बैंक र फ्रान्कफर्ट स्कूल अफ जर्मनीको नवलपरासी जिल्ला अनुगमन एवं कार्यक्रमको मूल्यांकन गरिएको थियो ।
- घरेलु सौर्य विद्युत प्रणालीका लागि लगानी तथा क्षमता अभिवृद्धि तालिम सहमति अध्ययन केन्द्रमा सम्पन्न भयो । जसमा ४ जिल्लाका १२ जना सहभागी रहेका थिए । जसमा तालिम व्यवस्थापन सहमतिले गरेको थियो भने तालिमको सहजिकरण वीनरक इन्टरनेशनलले गरेको थियो ।

## शान्ति र सामुदायिक विकासका लागि स्थानीय प्रयास प्रवर्द्धन कार्यक्रम, मोरङ, सिन्धुली र सुर्खेत

सहमति संस्था र GIZ/STPP संगको साझेदारीमा शिविर रहेका गाविसहरुमा सामुदायिक विकासको माध्यमवाट शान्ति प्रवर्द्धनमा सहयोग पुऱ्याउन शान्ति र सामुदायिक विकासका लागि स्थानीय प्रयास कार्यक्रम संचालन भएको छ । यो कार्यक्रम 1st september 2011 देखि मोरङ,

सिन्धुली र सुर्खेत जिल्लाका क्रमश: टाँडी, रानीवास, दशरथपुर गाविसमा सञ्चालित भइरहेको छ ।

- २०६९ बैशाख महिनामा मोरङ जिल्ला टाँडी गाविसमा स्थापित स्वावलम्बन समूहहरुमा करेसावारी प्रवर्द्धन कोष स्थापना गर्नमा सहयोग । जसले १०० जना सदस्यहरुलाई पुऱ्याइरहेको छ ।
- मिति २०६९ साल बैशाखमा सुर्खेत जिल्ला दशरथपुर गाविसको ३ स्वावलम्बन समूह करेसावारी प्रवर्द्धन सहयोग पुऱ्याई ९५ जना सदस्यहरु लाभान्वित रहेका छन् ।
- मिति २०६९ साल वैशाखमा मोरङ जिल्ला टाँडी गाविस वडा नं. ७ कुवापानीमा बाखापालनका लागि खोरसुधार सहयोग कार्यक्रम सम्पन्न भइसकेको, जसको **follow up** गर्ने कार्य गरिएको ।
- त्यस्तै मोरङ जिल्लाको टाँडी गाविस वडा नं.-६ रचना खोला बाढि नियन्त्रणका लागि तटबन्ध योजनाको **follow up** त्यस्तै वडा नं. २, रतनपुरमा सञ्चालित हर्दिया खोला सिञ्चाई पोखरी निर्माण कार्यको अवलोकन गरिएको ।
- २०६९ वैशाखमा मोरङ जिल्ला टाँडी गाविस वडा नं.-८ धरधरेमा सञ्चालन हुन लागेको धरधरे खोला सिञ्चाई तथा खानेपानी योजनाको तयारीका लागि समुदायमा छलफल कार्य सम्पन्न ।
- २०६९ साल जेष्ठमा सिन्धुली जिल्ला रानीवास गाविस वडा नं.-८ मा सञ्चालित खानेपानी योजना सम्पन्न भएको, जसले त्यहाँका आदिवासी जनजाति, माझी, दनुवार र तामाङ समुदायका ३२ घरधुरीले स्वच्छ पिउनेपानीको उपयोगबाट लाभान्वित भएका छन् ।
- २०६९ जेष्ठ महिनामा सुर्खेत जिल्ला दशरथपुर गाविसमा स्थापित ३ स्वावलम्बन समूहमा करेसावारी प्रवर्द्धन कोष सहयोग र ८ समूहमा स्टेशनरी सहयोग गर्ने कार्य सम्पन्न भएको छ ।
- २०६९ साल जेष्ठमा सुर्खेत जिल्ला दशरथपुर गाविस वडा नं.-१ मा सञ्चालित खुर्सानीवारी वराह सिञ्चाई पोखरी निर्माण योजना सम्पन्न भएको, जसले त्यहाँका दलित/जनजातिका २१ घरपरिवारलाई सिञ्चाईको सुविधा उपलब्ध भई लाभलिई रहेका छन् ।
- २०६९ बैशाखमा मोरङ जिल्ला टाँडी गाविसको स्थानीय सहयोगी संस्था शिवालिकसँग टाँडी-५, धुम्केमा सिञ्चाई तथा खानेपानीको योजना सञ्चालनका लागि योजना तयार पार्ने र समुदायमा छलफल गरी निर्णय गर्ने कार्य सम्पन्न ।
- २०६९ जेष्ठ ८ गते देखि १० गतेसम्म मोरङ जिल्ला टाँडी गाविस वडा नं.-१ तिल्केनीमा ३६ सदस्य ३ महिला स्वावलम्बन समूहहरुको सदस्यहरुको सहभागितामा समूह व्यवस्थापन तालिम सम्पन्न ।
- २०६९ जेष्ठ महिनामा मोरङ जिल्ला टाँडी गाविसमा स्थापित ५ महिला स्वावलम्बन समूहलाई स्टेशनरी सहयोग गर्ने कार्य सम्पन्न भएको छ ।
- २०६९ बैशाख १२ गतेदेखि १४ गतेसम्म ३ वटा महिला स्वावलम्बन समूहका २७ सदस्यहरुको सहभागितामा समूह व्यवस्थापन तालिम सम्पन्न भएको छ ।

## दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्वी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम, वाग्लुङ/म्याग्दी

सहमति र प्लान नेपालको साझेदारीमा बागलुङ जिल्लाको अधिकारीचौर, देविस्थान, खुङ्गा, मल्म, काँडेवास, नरेठाँटी, हटिया, दुदिलाभाटी, पैयूपाटा, अमलाचौर र नारायणस्थान गा.वि.स. र म्याग्दी जिल्लाको वरंजा ,सिहा, कुहुँ ,राखुपिप्ले, घतान, राखु भगवती र पुलाचौर गा.वि.स. गरी कुल १८ गा.वि.स.हरुमा दलित तथा अपाङ्गता भएका समुदायमा केन्द्रित स्वावलम्वी समूहहरु तथा महिला सहकारीहरुको प्रवर्द्धन कार्यक्रम सन 2011 डिसेम्वरदेखि 2012 जनवरीसम्मका लागि संचालन भएको छ । यस कार्यत्रमको मुख्य उद्देश्य बाग्लुङ्ग र म्याग्दी जिल्लाका दलित महिला तथा अपाङ्गता भएका परिवारका महिलाहरुलाई समूह तथा सहकारीमा आवद्ध गराई वित्तीय सेवामा पहुचँमा वृद्धि गरी उनिहरुको दिगो आयश्रोतको विकासमा सहयोग गर्ने रहेको छ ।

*१. लघुवित्त सम्बन्धी सम्पन्न क्रियाकलापहरु*

- कर्मचारीहरुका लागि "समूह व्यवस्थापन प्रशिक्षक प्रशिक्षण तालिम" (३० जना सहभागी)
- महिला समूहका पदाधिकारीहरुलाई "समूह व्यवस्थापन तालिम" (९ वटा तालिम)
- महिला समूहहरु गठन (७२ वटा समूहहरु)
- महिला समूहहरुलाई स्टेशनरी सहयोग (७२ वटा समूहहरु)
- महिला सहकारी तदर्थ समिति गठन (२ वटा)
- "समूह व्यवस्थापन तालिम" र "महिला सहकारी तदर्थ समिति गठन प्रक्रिया" सम्बन्धी कार्यक्रम अभिमुखीकरण (१२ जना)

*२. कृषि सम्बन्धी सम्पन्न क्रियाकलापहरु*

- "करेसाबारी तालिम सम्बन्धी अभिमुखीकरण" (५ जना सहभागी)
- महिला समूहका सदस्यहरुलाई "करेसाबारी सम्बन्धी तालिम तथा तरकारी बीउ वितरण" (१३ गा.वि.स.हरुमा)
- "कृषि तथा पशुपालन सम्बन्धी तालिमबारे अभिमुखीकरण" (५ जना सहभागी)
- महिला समूहका सदस्यहरुलाई "कृषि तथा पशुपालन सम्बन्धी तालिम तथा तरकारी बीउ वितरण" (५ गा.वि.स.हरु)
- जिल्ला कृषि विकास कार्यालयबाट "कृषि विशेषज्ञ" सँग सम्झौता गरी कृषि सम्बन्धी क्रियाकलापहरुको स्थलगत भ्रमण तथा अनुगमन (म्यागदी र बागलुङ जिल्ला)

*३. समन्वय तथा सम्पर्क*

- जिल्ला विकास समितिमा नयाँ स्थानीय विकास अधिकारीसँग चिनजान तथा कार्यक्रमबारे जानकारी
- जिल्ला विकास समितिमा सामाजिक विकास अधिकारीसँग कार्यक्रमबारे जानकारी
- डिभिजन सहकारी कार्यालय, बागलुङमा कार्यालय प्रमुखसँग भेट तथा सहमतिद्वारा सञ्चालित कार्यक्रमबारे जानकारी
- महिला सहकारी तदर्थ समिति गठन तथा सहकारी दर्ताबारे छलफल र सहयोगको लागि अनुरोध
- जिल्ला कृषि विकास कार्यालय, बागलुङ र म्याग्दीका कार्यालय प्रमुख तथा वरिष्ठ बागवानी अधिकृतहरुसँग कार्यक्रमबारे छलफल र जानकारी
- सहमतिद्वारा सञ्चालित कृषि सम्बन्धी कार्यक्रमहरुको स्थलगत भ्रमण तथा अनुगमनको लागि अनुरोध तथा सम्झौता
- सहमतिद्वारा सञ्चालन गरिने "कृषि तथा पशुपालन सम्बन्धी तालिम तथा तरकारी बीउ बितरण" कार्यक्रममा सहजीकरणको लागि सम्बन्धित कृषि सेवा केन्द्रका कृषि प्राविधिकहरुलाई सहयोगको लागि अनुरोध
- जिल्ला कृषि विकास कार्यालयबाट सञ्चालन भएका र हुने कार्यक्रमबारे जानकारी

## स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, नवलपरासी

सहमति र जिविस नवलपरासीको साझेदारीमा सञ्चालित स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम २०६७ चैत्रबाट नवलपरासी जिल्लाको मुकुन्दपुर, अमरापुरी, रजहर, दिव्यपुरी, प्रगतिनगर, पिठौली र शिवमन्दिर गा.वि.स.हरुमा सञ्चालन भइरहेको छ ।

- ७ वटै गाविसमा १/१ वटा नागरिक सचेतना केन्द्र गठन र निरन्तर रुपमा सञ्चालन भईरहेको ।

- वडा नागरिक मञ्चका कार्यसमितिका पदाधिकारीहरु वडा नागरिक मञ्चको काम, कर्तव्य र दायित्वको बारेमा अनुशिक्षण तथा समिक्षा बैठक सञ्चालन गरियो ।
- **WCF** र गाविस स्तरीय राजनैतिक दल बीच संयुक्त बैठक राखी **LGCDP** कार्यक्रमको बारेमा जानकारी दिइयो । जसबाट **WCF** लाई हरेक कार्यमा राजनैतिक प्रतिनिधिहरुले सहयोग गर्ने भन्ने बारे पनि निर्णय गरियो ।
- ७ वटै गाविसका ९/९ वडा नागरिक मञ्चका पदाधिकारीहरुलाई वडा नागरिक मञ्चको काम, कर्तव्य र दायित्वको बारेमा जानकारी गराइयो ।
- ७ वटै गाविसहरुका प्रत्येक वडामा सामाजिक स्रोत नक्सा तथा सम्पन्नता स्तरीकरण गर्ने कार्य सम्पन्न हुने तयारीमा रहेको छ ।
- नागरिक सचेतना कार्यक्रममा छलफल गरिएका मुख्य विषयहरु :
  - सरसफाई सम्बन्धमा
  - जाँड, रक्सी नियन्त्रण सम्बन्धमा
  - व्यक्तिगत घटना जानकारी सम्बन्धमा
  - गाविसबाट उपलब्ध सेवा, सुविधाको बारेमा
  - वन र वातावरण सम्बन्धमा
- वडा नागरिक मञ्चको नियमित बैठक सबै गाविसका प्रत्येक वडाहरुमा सञ्चालन भइरहेको छ साथै वडामा गर्नुपर्ने कामहरु वडा नागरिक मञ्च मार्फत नै सञ्चालन भइरहेका छन् ।

### नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण परियोजना

सहमति र **RDIF** को साझेदारीमा सञ्चालित "नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण परियोजना" जिल्लास्थित राष्ट्रिय मान्यता प्राप्त १३ वटा राजनैतिक दलहरुसँग हातेमालो गर्दै लोकतान्त्रिक एवं समावेशीकरण पद्धतिलाई अझ सुदृढिकरण गर्नु एवं अन्तरदलीय समन्वय वृद्धि गर्नुका साथै जिल्लास्थित चार मुख्य सामाजिक संयन्त्रहरु (महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यक) लाई विभिन्न नेतृत्व विकास, पैरवी विकास र क्षमता अभिवृद्धिको माध्यमबाट उनीहरुको राजनीतिक सहभागितामा वृद्धि गर्नु रहेको छ । यस अन्तर्गत हालसम्म भएका क्रियाकलाप एवं उपलब्धीहरु यसप्रकार छन् ।

- २०६९ बैशाख २६ देखि ३० गतेसम्म नवलपरासी जिल्लाका राष्ट्रिय मान्यता प्राप्त पार्टिका प्रमुख एवं प्रतिनिधि र जिल्लास्थित चार नागरिक सामाजिक संस्थाको (महिला, दलित, अपाङ्गता भएका र सीमान्तकृत अल्पसंख्यक) प्रतिनिधिहरुको लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी अवधारणागत स्पष्टता ल्याई जिल्ला तहको प्रशिक्षक तयार गर्न लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) सहमति अध्ययन केन्द्रमा सम्पन्न ।
- लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम लिएका जनशक्तिले आ-आफ्नो पार्टीको आन्तरिक छलफल, कार्यक्रम र विभिन्न मञ्चहरुमा लोकतन्त्र तथा समावेशीकरणको मुद्दाहरुलाई उठान गरिरहेको ।
- १ दिने समावेशी लोकतन्त्र विषयक कार्यशाला गोष्ठी २०६९ जेष्ठ ३० गते जिल्ला १३ पार्टीका प्रमुख एवं प्रतिनिधि, नागरिक समाज संस्थाका प्रतिनिधिहरु, पत्रकारहरु र परियोजनाको कर्मचारीहरुको उपस्थितिमा जिल्ला सदरमुकाम परासीमा सम्पन्न भयो । जसमा लोकतान्त्रिक एवं समावेशीकरण सम्बन्धी TOT लिनुभएका तीन पार्टीका प्रतिनिधिहरुबाट सहजीकरण गरिएको थियो ।
- ३ दिने लोकतन्त्र तथा सामाजिक समावेशीकरण तालिम मिति २०६९ आषाढ २ देखि ४ गतेसम्म सहमति अध्ययन केन्द्रमा सम्पन्न भयो । जसमा जिल्लास्थित १२ राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, जिल्लास्थित ४ वटै संयन्त्रका प्रतिनिधिहरुको लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी चेतनाको स्तर वृद्धि गर्न सम्पन्न भयो । जसमा लोकतन्त्र र समावेशीकरण सम्बन्धी छुट्टाछुट्टै मुद्दाहरुमा दुईजना प्रशिक्षकले प्रशिक्षण गर्नु भएको थियो ।
- नवलपरासी जिल्लाका १० वटा राजनीतिक दलहरुमा समावेशी उपसमिति गठन भएको छ जसले दलभित्र समावेशी लोकतान्त्रिक संस्कारको संस्थागत विकास गर्नका साथै जिल्ला संयन्त्रहरुमा महिला, दलित, अपाङ्गता र सीमान्तकृत अल्पसंख्यकको राजनीतिक सहभागिता वृद्धिका लागि पनि सहयोग पुग्दछ ।
- मिति २०६९ आषाढ ५ गते **RDIF** को क्षेत्रीय कार्यक्रम संयोजक अंशु गुरुङ्ग, सहायक क्षेत्रीय कार्यक्रम संयोजक, रेनु गुरुङ्ग, सहमति कार्यसमितिका सदस्यहरु र परियोजनाका कर्मचारीको बीचमा परियोजनाको समीक्षात्मक बैठक एवं **Result Chain Analysis (RCA)** कार्य सहमति गैडाकोटमा सम्पन्न भयो ।
- २०६९ आषाढ २६ गते **RDIF** क्षेत्रीय कार्यालयका प्रतिनिधि, **ESP** का प्रतिनिधिहरु, सहमति कार्यसमिति सदस्य, परियोजनाका कर्मचारी र सहमतिका अरु विभिन्न कार्यक्रम सिनियर कर्मचारीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण (**GESI**) सम्बन्धी अवधारणाको बारो अपडेट गर्ने कार्य सम्पन्न भयो, जसमा आगामी दिनको **GESI** तालिम सम्बन्धी विभिन्न कार्ययोजना तयार भएको ।

### केन्द्रीय कार्यालय गतिविधि

- **नववर्ष २०६९ को उपलक्ष्यमा सहमति सदस्य, सल्लाहकार समिति र सहमतिका विभिन्न कार्यक्रमका कर्मचारी साथीहरु बीच शुभकामना आदानप्रदान कार्यक्रम २०६९ वैशाख १ गते सम्पन्न ।**

### सहमति अध्ययन केन्द्र

**यस अवधिमा विभिन्न १७ वटा गैरसहकारी, सहकारी तथा अन्तर्राष्ट्रिय गैर सहकारी संघ-संस्थाको आयोजनामा ११६ दिन लोकतन्त्र तथा समावेशिकरण सम्बन्धी तथा लघु उद्यम अभिमुखीकरण TOT तालिम, महिला सहकारी प्रवर्द्धन तथा क्षमता विकास तथा सहकारी व्यवस्थापन तालिम मानव वेचविखच विरुद्ध सचेतना गोष्ठी, सुशासन र वित्तीय कार्यशाला, खुला दिसामुक्त क्षेत्र घोषणा अभियान अन्तक्रियात्मक गोष्ठ संचालन भयो । जसमा ७९६ जनाले सक्रिय सहभागिता थियो । महिला २४९ जना र पुरुष ५४७ जना र यसै अवधिका राष्ट्रियस्तरका सहकारी, गैरसहकारी संस्थाका प्रतिनिधि समूहले संस्थाले गरेका काम तथा सहज सामुदायिक अस्पतालका सेवा, सुविधा, समुदायस्तरमा भए गरेका क्रियाकलापहरुको अध्ययन अवलोकन गरी जानकारी लिए जसमा १२९ जनाको सहभागिता रहेके थियो ।**

### सहज स्वास्थ्य सहकारी संस्था लि., नवलपरासी

- जेठ ३० देखि ३२ गतेसम्म संस्थाको व्यवसायिक योजना तर्जुमा गोष्ठी सम्पन्न । सो का लागि नेपालका लागि SES प्रतिनिधि श्री हरिहर सुवेदीले सहजिकरण गर्नु भयो तथा श्री ऋषभ सिग्देलले सहयोगीको रूपमा कार्य सम्पादन गर्नुभएको थियो ।
- डा. अशोक थापा नियमित डाक्टरको रूपमा नियुक्त ।
- ५१ शैयाको अस्पतालीय सेवाका लागि सम्पूर्ण निर्माण कार्य सम्पन्न भै नेपाल सरकारको तर्फबाट प्राप्त हुने स्वीकृतिका लागि काम गर्न **Consulatant** का रुपमा इ. मन्दिप सुवेदीको नियुक्ति ।
- सहज हाताभित्र आकर्षक बगैंचा निर्माणार्थ विरूवा रोपण कार्य सम्पन्न ।

# लोकतन्त्र मजबुतीकरणका लागि स्थानीय प्रयासहरु

✍ गाणेश राज गिरी
कार्यक्रम संयोजक, 'लोकतन्त्र मजबुत बनाऔं' कार्यक्रम



लोकतन्त्रको परिभाषालाई विश्वमा अहिलेसम्म यही नै अन्तिम वा ठोस परिभाषा हो भनेर भन्न सिएको छैन । जनतालाई केन्द्रमा राखेर जनताको हक, हितका लागि, जनताको अधिकार सुनिश्चितताका लागि, जनताले पाउने आधारभूत आवश्यकता परिपूर्ति स्रोतहरुमा पहुँच वृद्धि, सूचनाको हकको सुनिश्चितता आदिका लागि असल शासन व्यवस्था सञ्चालन गर्ने पद्धतिको रुपमा लोकतन्त्रलाई लिइन्छ । मानव अधिकारप्रति सचेतता, जवाफदेहिता, जनताप्रति उत्तरदायित्व, सहभागितात्मक र लोकतान्त्रिक प्रतिनिधित्वको सुनिश्चितता आदिले पनि लोकतान्त्रिक पद्धतिलाई झल्काउछ । लोकतन्त्र विश्वमा राष्ट्र, ठाउँ, परिवेश अनुसार रुपान्तरित हुँदै गएको पाइन्छ । लोकतान्त्रिक परिपाटीको विकासका लागि यसको शुरुवात बस्तीबस्तीबाट हुनु जरुरी देखिन्छ ।

परिवार-परिवार मिलेर बस्ती बन्छ, बस्ती-बस्ती मिलेर एक वडा, वडाहरु मिलेर गाविस, नगरपालिका त्यस्तै जिल्ला विकास क्षेत्र हुँदै एउटा सिङ्गो राष्ट्र निर्माण हुन्छ र राष्ट्र-राष्ट्र मिलेर सिङ्गो विश्व निर्माण भएको छ । एउटा परिवारबाट शुरु गरेको लोकतान्त्रिक परिपाटीको विकासको कारण बस्ती, वडा, गाविस, नगरपालिका, जिल्ला, क्षेत्र हुँदै एउटा सिङ्गो राष्ट्रमा नै फैलिन जान्छ । तसर्थ तल्लो तह अझ भनौं buttom up approach बाट लोकतान्त्रिक परिपाटीको विकास तथा यसको अभ्यास हुनु जरुरी देखिन्छ ।

हुन त हाम्रो देशमा लोकतन्त्र आएको धेरै समय भइसकेको छ । तर यसको अभ्यास न त केन्द्रबाट शुरु भएको छ न बस्तीबाट । राजनैतिक अस्थिरता, नाता कृपावाद, खिचातानी, थोरै समयमा धेरै पैसा कमाउने मोह र हेपाहा प्रवृत्तिले गर्दा लोकतन्त्र बलियो बन्न नसकेको अवस्थामा यसको मजबुतीकरणका लागि गरिएका प्रयासहरु अत्यन्त सह्रानीय देखिन्छ ।

स्थानीयस्तरमा विभिन्न कार्यक्रमहरु मार्फत सरकारी सेवा प्रदायकहरुलाई सेवा प्रदान गराउनु विभिन्न समिति, उपसमिति, राजनैतिक दल, समूह, संघसंस्थाहरुमा लोकतान्त्रिक प्रतिनिधित्वको सुनिश्चितता गराउन, जनताप्रति जवाफदेहिता हुनु पर्नेमा जोड, सूचनाको हकलाई प्राथमिकता दिनका लागि गरिएका प्रयासले पनि लोकतान्त्रिक परिपाटीको विकासका लागि टेवा पुगेको देखिन्छ । नवलपरासीको ४ वटा गाविसलाई गरेको लोकतन्त्र मजबुतीकरणका लागि नमूनाको रुपमा लिएर विगत १५ महिनादेखि लोकतान्त्रिक परिपाटीको विकासका लागि स्थानीय जतना र स्थानीय प्रदायक संस्थाबाट विभिन्न क्रियाकलापहरुबाट शुरु भएको छ ।

प्रस्तुत कार्यक्रमद्वारा गरिब तथा सीमान्तकृत २०० भन्दा बढी महिला तथा पुरुषले रिफ्लेक्ट मार्फत आफ्ना समस्या उठान गर्ने, त्यसको समाधानका लागि अग्रसर हुने, आफ्नो अधिकारको खोजी गर्ने, विभिन्न कार्यक्रममा सहभागिता बढाउने, सरकारी सेवाहरुमा पहुँच वृद्धि आदिका कारण जनतामा आफ्नो अस्तित्व पहिचान गरी हरेक नागरिकको अधिकारलाई सुनिश्चित गर्नका लागि पहल भएको पाइन्छ । लोकतन्त्रमा कुनै जात, जाति, धनि, गरिब, महिला, पुरुषको रुपमा कसैलाई विभेद गर्दिन तसर्थ स्थानीय जनमानसमा नागरिकमा आफू असल नागरिक हुँ भन्ने भावनाको विकास हुनु जरुरी छ । सरकारी सेवा के-के हुन् ? यिनीहरु कसरी सञ्चालन भएका हुन्छन् र सेवाप्रदायक नागरिकप्रति यिनीहरुको उत्तरदायित्व के हो भन्ने कुरा बुझ्नु जरुरी देखिन्छ ।

साथै यो कार्यक्रम सञ्चालित गाविसहरुमा समग्र जनतामा पनि सरकारी सेवा, सरकारी कोष कहाँबाट जम्मा हुन्छ र कसरी खर्च गरिन्छ, यिनीहरु कसका लागि जवाफदेही हुन्छन् भन्ने कुराको बुझाइमा स्पष्टता आएको छ । साथै सेवा प्रदायक संस्थाहरु र सेवाग्राहीहरु बीच आपसी सम्बन्ध सुमधुर हुँदै गएको देखिन्छ । स्थानीयस्तरका सरकारी सेवा प्रदायक संस्थाहरुले पनि गुणस्तरीय सेवा प्रदान गर्ने परिपाटीको थालनी भएको छ । यसरी जनताको हितका लागि, जनताको आवश्यकतालाई सम्बोधन गर्दै, उनीहरुको हक, अधिकारको सुनिश्चितता, नागरिकलाई सूचना प्रवाह गर्ने, लोकतान्त्रिक प्रतिनिधित्व गराउँदै सबै जात-जाति, वर्गलाई सहभागिता गराउने, जनताप्रति जवाफदेही हुने क्रियाकलापहरुबाट अहिले नवलपरासीको ४ वटा गाविसबाट शुरु गरिएको प्रयासले यसको अन्य गाविसमा जनता र सम्बन्धित सेवा प्रदायक संस्थाहरुले अनुसरण गरेको खण्डमा लोकतान्त्रिक सुदृढीकरणमा टेवा पुग्नेछ । साथै जिल्लामा रहेका विभिन्न राजनीतिक पार्टीहरु, समिति, उपसमिति, सरकारी कार्यालयहरुमा, संघसंस्थामा लोकतान्त्रिक प्रतिनिधित्व भएको खण्डमा यसले पनि समग्र जिल्लाभरि नै लोकतान्त्रिक परिपाटीको विकासमा टेवा पुऱ्याउँदछ ।

यसरी केही ठाउँमा नमूनाको रुपमा लोकतन्त्रको मजबुतीकरणका लागि गरिएको प्रयासले अन्य ठाउँमा पनि प्रभाव पार्ने र समग्र रुपमा नै राष्ट्रले पनि सबै गाविस, जिल्लामा यो प्रयासको थालनी गर्नको लागि पहल गर्ने हो भने निश्चय नै लोकतन्त्र मजबुतीकरणका लागि धेरै समय लाग्ने थिएन ।

## लोकतान्त्रिक एवं ............................

क्षेत्रमा नातावाद, कृपावाद र चाप्लुसीकरण हुन हुँदैन । नेपालमा लोकतन्त्र र समावेशीकरण पद्धती सुदृढिकरणको लागि विभिन्न उपायहरु अवलम्बन गर्न सक्छौं । जस्तै :

१) राजनीतिक दलमा सबै समुदायको प्रतिनिधित्व गर्दा अनिवार्य समावेशी हुनुपर्ने ।
२) पितृ सत्तात्मक सोच हटाउने ।
३) सहयोगी संघ-संस्थासित सहकार्य गर्ने र एकतावद्ध हुने ।
४) आर्थिक उन्नती हुनेखालको कार्यक्रम ल्याई चेतनामा वृद्धि हुने तालिम प्रशिक्षण चलाउने ।
५) पछाडी परेका समुदायलाई शिक्षामा पहुँच बढाई उनीहरुको हक अधिकारको लागि कानूनमा उचित व्यवस्था मिलाउने ।
६) मानसिक सोचमा परिवर्तन ल्याउने ।
७) न्यायपालिकामा कर्मचारी छनोट गर्दा अनिवार्य समावेशिताको नीति अवलम्बन गर्नुपर्ने आदि ।

वास्तवमा हाम्रो सामाजिक संरचनामा रहेका परम्परागत सोच र अभ्यासहरुले पनि लोकतान्त्रिक एवं समावेशीकरणको संस्थागत विकासको लागि अवरोध सृजना गरेको छ । सबैभन्दा पहिले यिनै सामाजिक संरचना भंग गर्नुपर्ने देखिन्छ । परापूर्व कालदेखि नै हरेक सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक क्षेत्रमा नातावाद, कृपावाद, आफन्तवाद र पहुँचवालाको वर्चश्व छ । हाम्रो देश बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक, भौगोलिक जटिलताले पनि भरिएको छ । जसले गर्दा यहाँ यथोचित रुपमा सबै पक्षमा लोकतन्त्र र सामाजिक समावेशीकरणको महशुस गर्न पाइएको छैन । यस्ता तितो यर्थाथलाई आत्मसाथ गर्दै आगामी दिनमा सबै जिम्मेवार व्यक्ति, पार्टीले म भन्दा पनि हामी भनेर यथास्थितिलाई हटाई, संकुचित दायरालाई फराकिलो बनाएर सबै तह, तप्काका व्यक्ति, समूहको प्रतिनिधि बीच हुनेगरी नीति, नियम बनाउन जरुरी छ अनि मात्र सर्वाङ्गीण, समुन्नत नेपालको सृजना हुन्छ ।

# लोकतन्त्र तथा समावेशीकरण तालिमका सिकाइहरु

✍ हरिकेश शर्मा

जिल्ला सहसचिव, मधेशी जनअधिकार फोरम नेपाल, नवलपरासी



२०६९/०३/०२ गतेदेखि ४ गतेसम्म सहमतिमा लोकतन्त्र तथा समावेशीकरण तालिममा हामीले धेरै कुराको बारेमा जानकारी लियौं र समावेशी के हो, कसरी समावेशी गराउने सहमति हुनमा के, के कुरा अवरोधक छन् र कुन उपायबाट यसको समस्या समाधान गरिन्छ भन्ने कुराको जानकारी प्राप्त गरियो । देशलाई नयाँ बाटो, दिशातिर लैजानको लागि समावेशी एउटा मूख्य खाका हो । जबसम्म हामी सम्पूर्ण जात, लिङ्ग, वर्ग तथा महिला, दलित, अपाङ्ग, पिछडिएका वर्ग, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, ब्राम्हण आदि वर्गलाई समावेशी गराउँदैनौ तबसम्म देशको विकास पनि असम्भव छ । यो तालिमबाट मैले जसरी सिके र अध्ययन गरे त्यसरी नै अरु विभिन्न पार्टीका जिल्ला कार्यसमितिलाई यो कुरा सिकाउन यस्तै अन्य तालिमको जरुरी छ । यहाँको राजनीतिक दलले आफू मात्र अगाडि बढ्ने, सत्ताको लालच र सूचना लुकाउनु, आफ्नो निर्णय जबरजस्ती लाद्ने हैकमवादको कारणले पनि समावेशीकरण हुन सकेको छैन । दलित तथा पिछडिएको व्यक्तिहरुको खबर लुकाउने कारणले गर्दा मिडियाले पनि समावेशीमा अवरोध खडा गरेको छ । राजनीतिक दलमा युवाको कमि, दलमा गुटफुट, नातावाद, नीति नियम अनुसार का नगर्ने, महिला, अपाङ्ग, राजनीतमा कमि लोकतन्त्रको जानकारी नभएको चेतनाको कमि, आर्थिक विपन्नता, तानाशाह आदि कारणले गर्दा समावेशी हुन सकेको छैन । यी कुरालाई सुधार गर्न तथा समावेशीकरण गराउन केहि यस्ता पक्ष छन कि जबसम्म यो पक्षमा जोड दिन सकिदैन तबसम्म समावेशी गराउन सकिदैन । जस्तै आर्थिक आम्दानी के छ जिल्लामा प्रष्ट रुपमा जानकारी गराउने दोस्रो कुरा सदस्यताको आधार चुनेर राख्ने, सदस्य चयनमा निर्णयको आधारमा कार्य गर्ने, तानाशाह, नातावाद, मिडिया, न्यायपालिका, भाषिक अवरोधमा प्रशासन, शिक्षा नीतिमा सुधार गर्ने र के कुराबाट समावेशी हुन सकेको छैन पहिला सत्य कुरालाई खोजी गर्नुपर्छ । त्यसपछि सत्य कुरालाई प्राथमिकता दिनुपर्छ र समग्र राजनीतिक दलले हामीमा के कमि छ, त्यो कमि, कमजोरीलाई पहिचान गर्नुपर्छ । युवा, महिला, अपाङ्ग, पिछडा वर्ग, मधेषी, जनजाति समग्र जातजातिलाई समेत अघि ल्याउनुपर्छ । समग्र जातिलाई समावेशीकरण गराउनको लागि बोलीमा मात्र होइन व्यवहारमा लागु गरेपछि मात्र समावेशीकरण हुन सक्छ र यदी यस्तो गरिएन भने देश र राज्यको स्थितिमा सुधार आउँदैन भन्ने कुरा सबै तालिमबाट प्राप्त गरियो र सबैलाई यो कुराको जानकारी छैन, त्यसकारणले गर्दा यो तालिम समग्र जिल्ला कार्यसमितिलाई सिकाउनु अति जरुरी छ र कुनै काम गर्नको लागि मेरो जिल्ला तहमा पहिलो लक्ष्य हुनुपर्छ र उपदेश जरुरी हुन्छ । सम्भवत जिल्लामा पहिलो पटक जिल्लाभित्रका राष्ट्रिय मान्यता प्राप्त दलहरुभित्र लोकतान्त्रिक एवं समावेशीकरण पद्धतिको अभ्यासलाई नजिकबाट नियाल्ने काम यस परियोजनाले गरेको छ । जसको एउटा ज्वलन्त वर्तमान अवस्थाको उदाहरण सन्दर्भ विश्लेषण प्रतिवेदनमा देख्न सकिन्छ । जुन आफैमा एउटा सिकाइ दस्तावेज अर्थात् प्रतिवेदनको रुपमा लिएर आगामी दिनमा लोकतन्त्रको संस्थागत विकास र समावेशीकरण मुद्दालाई अझ गहिराइसम्म पुगेर दलहरुभित्र आर्थिक, सामाजिक पारदर्शीताका साथ परिणाममुखी कार्यनीति अवलम्बन गर्नुपर्ने देखिन्छ । अनिमात्र साच्चैको लोकतन्त्र तथा अर्थपूर्ण समावेशीकरणको महशुस गर्न सकिन्छ भन्ने कुरा मेरो मूख्य सिकाई हो । तालिम आफैमा एउटा माध्यम हो यसबाट सिकेका कुराहरु आफ्नो पार्टीभित्र गरिने क्रियाकलापमा समायोजन गर्नु अर्को महत्वपूर्ण कार्य हो । त्यसैले सम्पूर्ण साथीहरुलाई म आजैदेखि यस्तो कार्य संगठित भई गर्न आग्रह गर्दछु ।

# अपाङ्गता भएका व्यक्तिको लागि समानताको सवाल

✍ राम रतन हरिजन

अध्यक्ष, सि.वि.आर.नेटवर्क अपाङ्गता समन्वय समिति, नवलपरासी



सहमित, २०५८ सालमा स्थापना भई सामाजिक विकास र सुशासनको क्षेत्रमा काम गर्दै आइरहेको कुरा सबैमा सर्वविदितै छ । त्यस्तै गरी यो संस्थाले २०१२ जनवरी देखि नवलरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण परियोजना अन्तर्गत हाम्रो संस्था सि.वि.आर.नेटवर्क अपाङ्गता समन्वय समिति नवलपरासीलाई सहमतिको समावेशी लोकतान्त्रिक पद्धति एकदमै राम्रो लागेको छ । यो संस्थाले नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि समावेशी गराउनु पर्छ भन्ने कुरामा जोड दिएको छ । त्यति मात्र नभएर पछाडि पारिएका समुदाय जस्तैं दलित, मुस्लिम, महिला, एकल महिला, पिछडा वर्ग आदिहरुको आवाजलाई पहिचान गर्नुपर्दछ भन्ने कुरालाई जोड दिएकोले म व्यक्तिगत एवं संस्थाकोतर्फबाट कृतज्ञता प्रकट गर्दछु । आगामी दिनहरुमा अपाङ्गता भएका व्यक्तिहरुको सहमतिको प्रयासमा जि.वि.स.वा महिला तथा बालबालिका कार्यालयमा पनि एउटा अपाङ्गता भएका संस्थाको पनि डेक्स होस् ताकि अपाङ्गता भएका व्यक्तिहरुले सो कार्यालयमा गई अप्ठ्यारो नमानी सोझै आफ्नै सवालहरु राख्न सक्षम हुनेछन् । त्यति मात्र नभएर उनीहरुको जीवनमा समेत ठूलो परिवर्तन हुनेछ ।

यद्यपी नवलपरासी जिल्लामा दलहरुभित्र अपाङ्गताको सवाललाई हेर्दा निकै नाजुक रहेको कुरा यस परियोजनाले गरेको राष्ट्रिय मान्यता प्राप्त १२ वटा दलहरुको वर्तमान लोकतान्त्रिक एवं समावेशीकरणको अवस्था बारे सन्दर्भ विश्लेषण प्रतिवेदनले छर्लङ्ग बनाउँछ । नवलपरासी जिल्लामा अपाङ्गता भएका महिला, पुरुष गरेर कूल ३,१३६ जना रहेका मध्ये जिल्ला कार्यसमितिका सदस्यहरु कूल ३९७ जनामध्ये १ प्रतिशत मात्र अपाङ्गता भएका व्यक्तिको उपस्थिति देखिन्छ । जुन संख्या ज्यादै न्यून रहेको छ । त्यस्तै जिल्लास्तरीय भातृसंगठनमा नेतृत्वको अवस्था शून्य छ भने एकवर्षभित्र केवल २ वटा दलहरुलेमात्र अपाङ्गताका सवाल, मुद्दाहरु उठाएको पाइन्छ । *(स्रोतः नवलपरासी जिल्लाको १२ वटा राजनैतिक दलहरुको लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी सन्दर्भ विश्लेषण प्रतिवेदन)* यसरी यस परियोजनाले नवलपरासी जिल्लामा पहिलो पटक सि.वि.आर.नेटवर्क सँगै समन्वय गर्दै जिल्लाभित्र यसको वर्तमान अवस्था कस्तो रहेको छ भन्ने अवस्थालाई उदाङ्गो पारेको छ भने अर्कोतिर यस्ता मुद्दाहरुलाई अगाडि बढाउन, सम्बोधन गर्न, त्यस्ता व्यक्तिहरुको नेतृत्व विकास, पैरवी विकास र क्षमता अभिवृद्धि मार्फत समावेशीकरणको पद्धतिलाई सुदृढिकरण गर्न सकिन्छ भन्ने उद्देश्यकासाथ यस परियोजनाले दिएको विभिन्न तालिम, गोष्ठीका जानकारीहरु निकै फलदायी र उपलब्धीपूर्ण मान्न सकिन्छ । यस जिल्लाका अपाङ्गताको चित्र बाहिर ल्याई जिल्लास्थित विभिन्न सरोकारवालाहरु, राजनैतिक दलहरु, नागरिक समाज लगायत सबैलाई झकझकाउने कार्य गरेकोमा मुरमुरी धन्यवाद ।

# सामाजिक समावेशीकरणका अवरोध र उपायहरु

**पार्वती गुरुङ**
जिल्ला सदस्य, राष्ट्रिय जनमुक्ति पार्टी, नवलपरासी



बहुजाति, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक जातिहरु रहने गरी यो मुलुकमा दिगो शान्ति, उन्नतिशिल बनाएर राख्नका लागि आर्थिक, सामाजिक, राजनीतिक सन्तुलन रहन सम्पूर्ण यो राज्यमा परम्पराकालदेखि सत्ता पक्षले प्रष्टाएको र उत्पिडनमा पारिएका महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, पिछडिएका वर्ग, अपाङ्ग, सीमान्तकृत जातिहरुलाई आर्थिक, सामाजिक, भौतिक, राजनीतिक स्तरमा राज्यले जाति जनसंख्याको आधारमा समानुपातिक तरिकाले राज्यको प्रत्येक तह र तप्काहरुमा सम्मान रुपले समावेशी नभएसम्म कुनै प्रगतिशिल कार्यहरु अगाडि बढाउन, दिगो रहन सक्दैन । तसर्थ यो राज्यमा धर्म निरपेक्ष संघीय राज्य आत्मनिर्णयको अधिकार, स्वयत्तता र स्वशासन, सार्वभौमसत्ता प्रत्येक जनतामा निहित हुनु पर्दछ । यो नीति नियमलाई लागि परेर राजनीति संगठित होस् वा सामाजिक संगठन होस् यो सबैमा लागु गर्नु नै लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरणको अध्यास भनिन्छ । समावेशीका अवरोधका पात्र को, को हुन् त :

- मिडिया
- न्यायपालिका
- कानून
- राजनितिक दल
- समुदायहरु
- निर्वाचन आयोग
- जनचेतनाको कमि
- अतिवादी चिन्तन
- आर्थिक विपन्नता
- शिक्षाको कमि
- प्रशासन
- भाषिक विभेद
- बाहुनवाद सोच वा प्रवृत्ति
- दलभित्रका केही स्वार्थ वर्ग नेताहरु
- यथास्थितिवादको सोच र सामन्तवाद

**समावेशी मित्रहरु**

- नागरिक समाज
- मिडिया
- शिक्षा
- न्यायपालिका
- राजनीतिक दल
- नीति निर्माणहरु
- परिवर्तनकारी शक्तिहरु
- सरकारी तथा गैरसरकारी संघसंस्थाहरु


**समावेशी उपायहरु**

१. मिडियाले समाचार वा सूचना निश्पक्ष रुपले प्रवाह गनु पर्ने ।
२. न्यायपालिकामा कर्मचारी छनौट गर्दा अनिवार्य समावेशीताको नीति अवलम्बन गर्नुपर्ने ।
३. न्याय प्रतिपादन गर्दा त्यस्तो न्याय प्रतिपादन गर्नुपर्ने जसले समावेशीलाई अझ बलियो र प्रभावकारी बनाउन सघाउ पुगोस् ।
४. राज्यले नीति तथा कानून निर्माण गर्दा अनिवार्य अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने ।
५. राजनीतिक दलमा सबै समुदायको प्रतिनिधित्व गर्दा अनिवार्य समावेशी हुनुपर्ने ।
६. पितृसत्तात्मक सोच हटाउने ।
७. सहयोगी संघसंस्थासीत सहकार्य गर्ने ।
८. आर्थिक उन्नति हुने खालको कार्यक्रम ल्याई चेतनामा वृद्धि हुने तालिम प्रशिक्षण चलाउने ।
९. पछाडि परेको समुदायलाई शिक्षामा पहुँच बढाई उनीहरुको हक, अधिकारको लागि कानूनमा उचित व्यवस्था मिलाउने ।
१०. प्रशासनमा समावेशी गर्नका लागि न्यायिक समताका व्यवस्था गर्ने ।
११. मानसीक सोचमा परिवर्तन ल्याउने ।

यी सब माथिका कुराहरु मैत्री सम्बन्ध सद्भाव, लोकतन्त्र तथा सामाजिक समावेशीकरण आर्थिक पारदर्शीता सबै कुराहरु अब बन्ने संविधानमा लेखियो भने मात्र सबै जनताले खोजेको र मागेको पुरा भयो भने तब हामीहरुको देश शान्ति, सुन्दर बन्नेछ । सहमति, गैंडाकोट र RDIF को साझेदारीमा सञ्चालित "नवलपरासी जिल्लाका राजनैतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण परियोजना" को मुल मर्म नै यिनै सेरोफेरोमा रहेको छ । महत्वपूर्ण कुरा के हो भने कुनैपनि राष्ट्रको सर्वाङ्गीण विकासको लागि गाउँको विकास हुनु जरुरी छ । जसको लागि हरेक तह, तप्कादेखि निति, निर्माण, सामाजिक, आर्थिक, राजनितिक विकासको लागि स्थानीय स्तर देखि नै सबै पक्षको अर्थपूर्ण सहभागिता जरुरी छ । यसरी सबै पक्षको विकासमा राजनैतिक दलको भूमिका अहम छ । यही जिम्मेवारी बोधका साथ समावेशीकरणको अवरोध र यसको न्यूनिकरणका उपायहरु बारे चिरफार गर्ने कार्य यस परियोजनाले गरेको छ । परियोजनाद्वारा सार्वजनिक गरेको राजनैतिक दलहरुको वर्तमान लोकतन्त्र तथा समावेशीकरण प्रक्रिया बारे सन्दर्भ विश्लेषण प्रतिवेदनले पनि आगामी दिनमा समावेशीकरणको मुद्दालाई कसरी सम्बोधन गर्ने र लोकतान्त्रिक संस्कारको संस्थागत विकास गर्न दिएका विभिन्न तालिम, अन्तरक्रिया कार्यक्रम, प्रशिक्षण कार्यक्रमले पनि हामीलाई यस्ता मुद्दाहरुमा पार्टीभित्र विभिन्न राजनैतिक आन्तरिक कार्यक्रम, फोरमहरुमा बहस गर्न सिकाएको छ । धन्यवाद परियोजनाका साथीहरुलाई ।

# जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीको पहिचान

✍ **सन्तोष कुमार पाण्डे**
जिल्ला सदस्य, रा.प्र.पा., नवलपरासी



यस नवलपरासी जिल्लाका राजनैतिक दलहरुभित्र लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण परियोजना सहमति गैंडाकोटले जनवरी २०१२ देखि प्रारम्भ गरेको छ । जसमध्ये नवलपरासी भित्र रहेका राजनैतिक दलहरुको तत्कालीन जिल्ला कमिटिमा रहेको लोकतान्त्रिक एवं समावेशीकरणको स्थिति बारे प्रत्येक पार्टीको कार्यालयमा गई बुझि डाटा निकालेको थियो । जुन अहिलेसम्मको पहिलो र नौलो तरिका थियो । हालसम्म नवलपरासी जिल्लामा कुनैपनि संस्थाले यस्तो प्रक्रिया ल्याएको थिएन । नवलपरासी जिल्लाको राजनैतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशी पद्धति सुदृढिकरण गर्ने परियोजना अन्तर्गत नवलपरासी जिल्लामा रहेका सबै राजनैतिक दलहरुको जिल्ला कमिटिका एक/एक जना प्रतिनिधिलाई लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम मिति २०६९/०१/२६ देखि २०६९/०१/३० सम्म सञ्चालन गरियो । जसमा म आफै पनि रा.प्र.पा. जिल्ला कमिटिको तर्फबाट सहभागी हुने मौका पाए र त्यो कार्यक्रम एकदमै राम्रो लाग्यो । जसमा धेरै कुरा सिक्ने मौका पाइयो ।

पाँच दिनको प्रशिक्षणको दौरानमा लोकतन्त्र भनेको के हो र यसका सबल पक्ष तथा कमजोर पक्षको *(बाँकी अन्तिम पेजमा)*

# नवलपरासी जिल्लाका राजनीतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धती सुदृढीकरण परियोजना (एस.डि.आई.पि.पि.) का झलकहरू



परियोजनाको "शुभारम्भ एवं अभिमुखीकरण कार्यक्रम"मा परियोजनाको बारेमा आफ्नो भनाई राख्दै नवलपरासी जिल्ला तत्कालीन प्रमुख जिल्ला अधिकारी शशी शेखर श्रेष्ठ



समावेशी डेस्क अन्तर्गत नेपाली काग्रेस, नवलपरासीका जिल्ला सचिव श्री विष्णु प्रसाद लामिछानेलाई फ्याक्स मेसिन हस्तान्तरण गर्दै कार्यक्रम संयोजक श्री हरि प्रसाद सापकोटा



लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी तालिमको सहजिकरण गर्दै प्रशिक्षक श्री दिपेन्द्र झा




लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) का सहभागीहरु



समावेशी लोकतन्त्र विषयक एक दिने कार्यशाला गोष्ठीको सहजीकरण गर्दै तराई मधेश लोकतान्त्रिक पार्टी, नवलपरासीका कोषाध्यक्ष श्री हैदर अली मोमिन



लोकतन्त्र तथा समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिमको सहजिकरण गर्दै प्रशिक्षक श्री राजेश हमाल



२० औं जिल्ला परिषद् जिल्ला विकास समितिको कार्यालय, नवलपरासी

- विगत वर्षहरूमा जिल्ला परिषद्बाट भए गरेका निर्णयहरूलाई कार्ययोजना नै वनाई कार्यान्वयन गर्न विशेष पहल गरिनेछ ।
- जिल्लामा विकास निर्माण लगायत जिल्ला विकासका क्रियाकलापहरू संचालन एवं अनुगमन र मूल्यांकन समेतमा जिल्लामा क्रियाशिल राजनैतिक दलहरूसंगको समन्वय एवं सहकार्यतालाई अझ मजवुद वनाईदै लगिनेछ ।
- जिल्लाका क्षतिग्रस्त गाविस भवन, सेवा केन्द्र एवं अन्य सवै सरकारी कार्यालयहरूको पुनः निर्माण कार्य जिल्ला पुनः निर्माण समिति मार्फत चरणवद्ध रूपमा निर्माण गर्ने प्रस्ताव गर्दै जाने नीति अवलम्वन गरिनेछ ।
- स्थानीय विकास मन्त्रालयबाट तयार गरिएको MCPM कार्यविधीमा उल्लेखित सुचकहरुलाई पूर्णतः पालना गरी वढी भन्दा वढी अंक प्राप्त गर्ने तर्फ क्रियाशिल रहिने छ । MCPM मा अवका दिनमा असफल नहुन पूर्ण सचेतनामा ध्यान दिइने छ।
- महेशपुर भन्सार नाका र सो सम्मको पहुँच मार्ग सुधार एवं भन्सार नाकालाई व्यवस्थित गर्ने सवालमा आवश्यक सहयोग एवं पहल गरिनेछ ।
- महिला, वालवालिका, आदिवासी जनजाति, दलित, मधेशी, पिछडावर्ग र मुश्लिम, द्वन्द्व पीडित, एकल महिला, अपाङ्ग, अशक्त एवं वेसहारा नागरिकहरूको पूनर्स्थापना एवं आत्मनिर्भरता सम्वन्धी कार्यक्रम सरकारी एवं गैरसरकारी संघ संस्था संग समन्वय समेत गरी सञ्चालन गरिनेछ ।
- विकास निर्माणको कार्यमा उपेक्षित, उत्पिडित तथा दलितहरूको अनिवार्य सहभागितालाई वढावा दिइनेछ । उपभोक्त समितिमा शिक्षक, कर्मचारी, राजनैतिक दलका जिम्मेवार व्यक्ति एवं प्रचलित कानूनले वर्जित गरेका व्यक्तिहरूलाई संलग्न हुन नदिने नीतिलाई पूर्ण कार्यान्वयन गरिनेछ ।
- राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलमा लोकतान्त्रिक एवं समावेशीकरण पद्वतिलाई सुदृढ गराउनको लागी सरकारी निकाय तथा गैरसरकारी सँस्थाहरू विच समन्वय गर्दै अघि वढ्ने नीति लिइने छ ।
- जिल्ला स्तरवाट सम्भव नहुने ठूला योजनाहरूको लागि केन्द्रीयस्तर र दातृ संस्थाहरूको लगानी एवं सहयोगको लागी तत् तत् निकायमा अनुरोध गरिनेछ ।

२. विगत आर्थिक बर्षको समिक्षा र स्रोत व्यवस्थापन

१. आ.व. ०६७।६८ को समिक्षा गोष्ठीको निचोड:

- आगामी दिनमा समिक्षा गोष्ठी कम्तिमा पनि दुई दिवसीय हुनु पर्ने ।
- जिल्लामा सरकारी कार्यालय, विभिन्न संघ संस्थाबाट संचालित क्रियाकलापहरुको अनुगमन प्रणाली फितलो भएका कारण आगामी दिनमा त्यस तर्फ विशेष ध्यान दिइनु पर्ने ।
- विभिन्न बिषयगत कार्यालयहरुले इलाका स्तरीय गोष्ठीबाट आएका योजनाहरु आफ्ना योजनामा समावेश नगरेकामा आगामी दिनमा समावेश गर्नु पर्ने ।
- जिल्लामा संचालित कार्यक्रमहरुको बारेमा राजनीतिक दलका प्रमुख एवं प्रतिनिधीहरुलाई जानकारी गराउनु पर्ने ।
- गैससको काम कारवाही पारदर्शी नभएको, अनुगमन प्रणाली फितालो भएका कारण त्यस तर्फ ध्यान दिनु पर्ने ।
- सवै कार्यालयका प्रमुखहरुको गोष्ठीमा उपस्थिति नभएकोल आगामी दिनमा त्यस तर्फ विशेष ध्याद दिइनु पर्ने ।
- जिल्ला MCPM मा फेल हुन सवैका लागि लज्जास्पद भएता पनि आगामी बर्ष जिल्लालाई सफल बनाउने तर्फ सवै सरोकारवालाहरुको ध्यान जानु पर्ने र विशेष गरी जिविसका कर्मचारीहरु यस तर्फ क्रियाशिल हुनु पर्ने ।
- सवै गैरसरकारी निकायहरुले आफ्ना कार्यकम तथा वजेटहरु जिल्ला परिषदमा पेश गर्ने नगरेको र अति कठिन भएमा वा बाधा परेमा मात्र जिल्ला विकास समितिको सिफारिस खोज्ने गरिएको ।
- कार्यकममा अझै पनि दोहोरोपना रहने गरेको र कार्यकमहरुलाई लक्षित बर्गमा पुऱ्याउन नसकिएको ।
- जिल्लामा विभिन्न नियकाबाट संचालित कार्यक्रमहरुको सम्वन्धित निकायका अलावा जिल्ला स्तरीय अनुगमन समिति निर्माण गरी अनुगमन गर्ने परिपाटीको विकास गर्ने ।
- कार्यकममा एकिकृत सेवा प्रवाहको स्वरुप झल्किनु पर्छ र सेवा प्रदायक संस्थाहरु बिच समन्वय गरेर एकिकृत रुपमा अगाडि बढ्नु पर्ने ।

आ.व. २०६९।७० का लागि स्वीकृत वार्षिक नीति कार्यक्रम तथा बजेट विवरण २२

जि.वि.स. नवलपरासीद्वारा २० औं जिल्ला परिषद्को अवसरमा परियोजनाको विषयगत अवधारणालाई आर्थिक वर्ष २०६९/०७० को वार्षिक नीतिमा समावेश

## जिल्लाका ...............

बारे जानकारी भयो साथै मानव अधिकारको अवधारणा तथा मानव अधिकारको प्रकारहरु र नवलपरासी जिल्लामा अपाङ्ग, महिला, पछाडि परेको कारण र स्थिति बारे जानकारी भयो । त्यति मात्र नभएर दलितहरु कसरी पछाडि पारिएका छन् र के, के गर्दा दलित अगाडि बढ्न सक्छन् । जसमा जनचेतनाको कमि, शिक्षामा दखल नभएको र कुसंगतमा लागेर पछाडि परेका छने भने अवसर र आरक्षण प्रदान गरे भने उनीहरु अगाडि बढ्न सक्छन् भन्ने कुरा अवगत गराइयो ।

अधिकारको उपयोगमा चुनौतीहरु तथा राजनैतिक दलको भूमिका के हुन र नागरिक समाजको भूमिका बारे जानकारी गराइयो । यसरी नवलपरासी जिल्लामा रहेको राजनैतिक दलमा पहिला भन्दा धेरै सुधार आएको छ जसको फलस्वरुप हामी लोकतान्त्रिक एवं समावेशीकरण पद्धति सुदृढिकरण गर्नको लागि एउटा लोकतान्त्रिक एवं समावेशी डेस्कको पनि स्थापना रा.प्र.पा. जिल्ला कार्यसमितिले गरिसकेको छ । सहमति गैंडाकोटको सहयोग र राजनैतिक दलको प्रयासले नवलपरासीभित्र रहेका राजनैतिक दलहरुमा लोकतान्त्रिक एवं समावेशीकरण पद्धति पूर्ण रुपमा सुदृढिकरण हुन्छ भन्ने आशा छ ।

प्रेषक

सहमति
गैंडाकोट–५ नवलपरासी
फोन नं.: ०५६-५०२०९०
E-mail:sahamati@wlink.com.np
Website : www.sahamati.org

प्रापक

टिकट